# प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

# प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६

प्रदेश राजपत्रमा प्रकाशन मिति
२०७६।०९।२७

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम " प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थाका व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक सेवालाई सम्झनु पर्छ।

(ख) "आधारभूत स्वास्थ्य केन्द्र" भन्नाले स्थानीय तहमा सञ्चालित सरकारी

सामुदायिक स्वास्थ्य इकाई, सहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले उपलब्ध स्रोतको सीमाभित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भएर तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिको लागि प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरुको सन्तुलित एवम् गतिशील तथा बृहत् कार्य सूची एवम् प्रणाली सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्छ।

(ङ) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेको वा प्रचलित कानूनले तोके बमोजिमको विशेषज्ञ तालीम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको चिकित्सक सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(च) "कोष सञ्चालक समिति" भन्नाले नियम ३२ बमोजिमको कोष सञ्चालक समितिलाई सम्झनु पर्छ।

(छ) "गैह्र सरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्देश्यले संस्था दर्ता ऐन, २०३४ अनुसार संस्था दर्ता भई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्य लिई स्थापना भई संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मन्त्रालय वा अन्तर्गतका निकायबाट स्वास्थ्य सेवा सञ्चालन स्वीकृति लिएका अस्पताल सम्झनु पर्छ।

(ज) "डाईग्नोस्टिक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तै प्रयोगशाला सेवा, रेडियो ईमेजिङ, जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले सार्वजनिक स्वास्थ्य संस्था बाहेकका अस्पताल, नर्सिङ्ग होम, प्रयोगशाला, डाईगोनोस्टिक सेन्टर, क्लिनिक, पोली क्लिनिक, मेडिकल सेन्टर, घरमा आधारित स्वास्थ्य प्रदायक स्वास्थ्य संस्था, पुनर्स्थापना केन्द्र लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउने सबै प्रकारका नाफा कमाउने उद्देश्यले

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

स्थापना भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ञ) "पोली क्लिनीक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहु सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ठ) "प्राविधिक समिति" भन्नाले ऐनको दफा २५ बमोजिमको प्राविधिक समितिलाई सम्झनु पर्छ।

(ड) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ९ को उपदफा (२) बमोजिम सहरी विकास मन्त्रालयबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ण) "सहकारी अस्पताल" भन्नाले सहकारी ऐन, २०७४ तथा प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भई सहकारीको सिद्धान्त बमोजिम खास गरी सदस्य समूहलाई स्वास्थ्य सेवा दिने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उद्देश्य राखी संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मन्त्रालय वा अन्तर्गतका निकायवाट स्वास्थ्य सेवा सञ्चालन स्वीकृति लिएका अस्पताल सम्झनु पर्छ।

(त) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा आर्जन नगर्ने उद्देश्य लिई संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मन्त्रालय वा अन्तर्गतबाट स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिएका अस्पताल सम्झनु पर्छ।

(थ) "स्वास्थ्य क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श एकै स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता सेवा उपलब्ध गराउने संस्थालाई स्वास्थ्य क्लिनिक सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक समेतलाई जनाउँदछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(द) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको निजी तथा सार्वजनिक स्वास्थ्य संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. **प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक स्वास्थ्य सेवाः** ऐनको दफा ३ को उपदफा (३) बमोजिम निशुल्क प्राप्त गर्न सकिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक स्वास्थ्य सेवाहरु अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

४. **आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकले अनुसूची-१ मा उल्लेखित आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा स्थानीय तह अन्तर्गत सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पतालबाट निःशुल्क प्राप्त गर्न सक्ने छन् ।

(२) उपनियम (१) मा उल्लेखित सेवाहरु उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(३) स्थानीय तहले प्रदेश तथा संघ अन्तर्गत सञ्चालित स्वास्थ्य संस्था तथा अस्पतालसँग समन्वय गरी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपनियम (१) मा उल्लिखित आधारभूत स्वास्थ्य सेवा प्रदान गने विधि देहाय बमोजिम हुनेछः-

(क) आधारभूत स्वास्थ्य सेवा लिन सम्बन्धित सेवाको लागि सेवाग्राही आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्थानमा दर्ता हुनु पर्नेछ।

(ख) सेवाग्राहीको सेवाको प्राथमिकताको आधारमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(५) प्रदेश सरकारले आकस्मिक स्वास्थ्य सेवाको सूची प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वास्थ्य संस्था तथा अस्पताल मार्फत चौबीसै घण्टा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था सञ्चालन अनुमति सम्बन्धी व्यवस्था

**५. स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान गर्ने सम्बन्धमाः**

(१) मन्त्रालयले अनुसूची-२ बमोजिमका स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति, नवीकरण र नियमन गर्नेछ।

(२) ऐनको दफा ६ को उपदफा (२) बमोजिम मन्त्रालयले अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान गर्दा एकै प्रकृतिको स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल तथा स्वास्थ्य संस्था बीच कम्तीमा एक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

किलोमिटरको दुरी कायम हुने गरी सञ्चालन अनुमति दिनु पर्नेछ।

तर सञ्चालनमा रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाभन्दा फरक प्रकृतिको स्वास्थ्य सेवा प्रदान गर्ने निजी स्वास्थ्य संस्थालाई यो उपनियम लागू हुने छैन।

६. **शुल्क सम्बन्धी व्यवस्थाः** ऐनको दफा ७ बमोजिम स्वास्थ्य संस्था स्थापना, नवीकरण, सेवा बिस्तार वा स्तरोन्नति गर्न सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची-३ मा उल्लेख भए बमोजिमको दस्तुर अनुमति दिने निकायमा बुझाउनु पर्नेछ।

७. **पूर्वाधार निमार्ण आशय पत्र (लेटर अफ इन्टेन्ट) लिनु पर्नेः** (१) कसैले स्वास्थ्य संस्था स्थापना वा सञ्चालन गर्न चाहेमा पूर्वाधार निर्माणको लागि आशय पत्र लिन अनुसूची-३ बमोजिम आशय पत्रको लागि तोकिएको दस्तुर सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर मन्त्रालयले जाँचबुझ गरी आशय पत्र दिन उपयुक्त देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई पूर्वाधार निर्माण गर्न आशय पत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाचँबुझ गर्दा पूर्वाधार निर्माण आशयपत्र प्रदान गर्न नसकिने भएमा मन्त्रालयले निवेदकलाई सो कुराको लिखित जानकारी दिनु पर्नेछ।

(४) पूर्वाधार निर्माण आशयपत्रमा नै समयावधि

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

उल्लेख भएकोमा सोही अवधि भित्र र समयावधि उल्लेख नभएको भए आशयपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र सम्बन्धित व्यक्ति वा संस्थाले प्राप्त आशय पत्र अनुसारको पूर्वाधार निर्माण गरी सक्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको समय भित्र पूर्वाधार निर्माण गर्न नसकेको भनी सम्बन्धित व्यक्ति वा संस्थाले पूर्वाधार निर्माण आशयपत्रको म्याद थपको लागि निवेदन दिएमा उपनियम (१) बमोजिम लाग्ने दस्तुरको आधा रकम दस्तुर लिई बढीमा दुई वर्षका लागि नवीकरण गर्न सक्ने छ।

(६) उपनियम (५) बमोजिमको अवधिमा समेत पूर्वाधार निर्माण गर्न नसकेमा आशयपत्र रद्द हुनेछ।

(७) यो नियमावली जारी भए पछि पूर्वाधार निर्माणको आशयपत्र दिँदा भौतिक संरचनाहरु अपाङ्ग र जेष्ठ नागरिक मैत्री हुने गरी आशयपत्र दिनु पर्नेछ।

(८) यो नियम जारी हुँदा इजाजत पत्र लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थामा नयाँ स्थानमा स्थानान्तरण गर्न पर्ने अवस्थामा पूर्वाधार निर्माणको आशयपत्र लिनु पर्नेछ।

८. **<u>स्वास्थ्य संस्था सञ्चालन अनुमति सम्बन्धमाः</u>** ऐनको दफा ११ को उपदफा (३) बमोजिम कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनु भन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले ऐन तथा यस नियमावली बमोजिमको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मापदण्ड पुरा गरे नगरेको प्राविधिक समितिले अनुगमन गरी मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

९. **मानव संशाधन व्यवस्थापन सम्बन्धी मापदण्डः** ऐनको दफा ११ बमोजिम कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले स्तर तथा प्रकार अनुसार देहाय बमोजिमको मानव संशाधन व्यवस्थापन सम्बन्धी मापदण्ड पुरा गर्नु पर्नेछः-

(क) अस्पताल तथा स्वास्थ्य संस्थाको संगठन तथा जनशक्ति विकास योजना निर्माण भएको हुनु पर्नेछ। अस्पतालको हकमा शैया क्षमताका आधारमा देहाय बमोजिमको न्यूनतम स्वास्थ्यकर्मीको व्यवस्था अनिवार्य रुपमा रहनु पर्नेछः-

(१) प्रति २५ शैयाको लागि १ जना एम.डी.जी.पी. चिकित्सक हुनु पर्नेछ।

तर एम.डी.जी.पी. चिकित्सक नपाइने अवस्थामा अस्पतालमा अव्स तथा गाइने र बाल रोग बिशेषज्ञ हुनुपर्ने।

(२) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्य चिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

हुनु पर्ने।

(३) जनरल कक्षमा प्रति ४ देखि ६ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनु पर्ने।

(४) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति २ शैयामा एक जना नर्स हुनु पर्ने।

(५) सघन उपचार कक्ष (आई.सी.यू., एन.आई.सी.यू, सी.सी.यू. आदि) मा प्रति शैयामा एक जना स्टाफ नर्सको व्यवस्था हुनु पर्ने।

(६) प्रसूति कक्षको लेवर वेडमा प्रति वेड २ एस. वी. ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफरी को व्यवस्था हुनु पर्ने।

(७) एक सय शैयासम्म क्षमताको अस्पतालको हकमा कम्तीमा एक जना मेडिकल रेर्कडर हुनु पर्ने। थप ५० शैयामा एक जना मेडिकल रेकर्डर सम्बन्धी जनशक्तिको थप व्यवस्था गर्नु पर्ने।

(८) पचास शैया भन्दा बढी क्षमताको अस्पतालको हकमा गुणस्तरीय सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सञ्चालनमा प्रभावकारिता आउने गरी कम्तीमा एक जना अस्पताल व्यवस्थापक, बायोमेडिकल प्राविधिक, डाईटीसीयन, फोहोरमैला व्यवस्थापन गर्ने दक्ष जनशक्ति हुनु पर्ने।

(९) एक सय शैया भन्दा बढी क्षमताको अस्पतालमा आवश्यक जनशक्ति सहित सामाजिक सेवा, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन र वातावरणीय तथा जनस्वास्थ्य सेवा इकाईको व्यवस्था हुनु पर्ने।

(१०) पचास वा पचास शैया भन्दा बढी क्षमताको अस्पतालमा आवश्यक जनशक्ति सहितको हाउस किपीङईकाईको व्यवस्था हुनु पर्ने।

(११) प्रशासनिक, लेखा, सुरक्षा व्यवस्था, बगैचा व्यवस्थापन लगायत कामका लागि अस्पतालले सेवाको गुणस्तर कायम गर्न आवश्यक संख्यामा जनशक्ति व्यवस्था गर्नु पर्ने।

(१२) पचास शैया र सो भन्दा माथिको क्षमता भएको अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिको व्यवस्था गर्नु पर्ने।

(१३) पचास शैया भन्दा वढीको अस्पतालमा अस्पताल प्रशासकको व्यवस्था हुनु पर्नेछ। अस्पताल प्रशासकको नियुक्ति गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल व्यवस्थापन (Hospital Management) विषयमा डिग्री/डिप्लोमा प्राप्त गरेका वा कम्तीमा स्नातक तह उत्तीर्ण गरी स्वास्थ्य क्षेत्रको व्यवस्थापकीय कार्यमा अधिकृत तहमा दुई वर्षको अनुभव प्राप्त गरेको हुनु पर्ने।

(१४) अस्पतालमा कम्तीमा दुई तिहाई स्वास्थ्यकर्मीहरु पूर्णकालीन हुनुपर्ने।

(१५) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र संलग्न राखेर मात्र लिनु पर्ने।

(१६) हरेक स्वास्थ्यकर्मीहरुले सम्बन्धित व्यवसायिक काउन्सिलवाट दर्ता नम्बर लिएको र नियमानुसार नवीकरण भएको हुनुपर्ने। विदेशी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्वास्थ्यकर्मी वा स्वयम् सेवकले सम्बन्धित काउन्सिलवाट स्वीकृति लिनु पर्ने।

(ख) मानव संशाधन व्यवस्थापन सम्बन्धी अन्य मापदण्ड प्रदेश सरकारबाट स्वीकृत स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन मापदण्ड बमोजिम हुनेछ।

१०. **औजार तथा उपकरण सम्बन्धी मापदण्डः** ऐनको दफा ११ बमोजिम कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनु भन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले स्तर तथा प्रकार अनुसार देहाय बमोजिमको औजार तथा उपकरण सम्बन्धी मापदण्ड पुरा गर्नु पर्नेछः-

(क) प्रयोगशालाको औजार तथा उपकरण (Laboratory Instruments) सम्बन्धी मापदण्ड देहायको तालिका बमोजिम हुनुपर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| SN | Name of Instruments | Unit | Bed capacity and number of instruments | | | |
|---|---|---|---|---|---|---|
| | | | 25 bed | 26-50 bed | 51-100 bed | 101-200 |
| 1. | Microscope | pcs | 1-3 | 3 | 3 | 4 |
| 2. | Microtome | pcs | - | 1 | 1 | 2 |
| 3. | Tissue processor | pcs | - | 1 | 1 | 1 |
| 4. | Slide Stainer (Histo) | pcs | - | - | - | - |
| 5. | Tissue Floating water bath | set | - | 1 | 1 | 1 |
| 6. | Immuno histo-chemistry set | set | - | - | - | - |
| 7. | Auto Analyzer (Bio Chemistry) | set | - | - | - | - |
| 8. | Semi Auto Alalyzer (Bio Chemistry) | set | 1 | 1 | 1 | 1 |
| 9. | Elisa reader with Washer | set | - | - | - | 1 |
| 10. | Incubator | set | 1 | 1-2 | 2 | 5 |
| 11. | Chemical Balance | set | 1 | 1 | 1 | 1 |
| 12. | Electrolyte Analyzer | set | 1 | 1 | 1 | 2 |
| 13. | Colorimeter | Set | 1-3 | 1-3 | 1-3 | 2-3 |
| 14. | Hot air Oven | Set | 1 | 2 | 2 | 3 |
| 15. | Autoclave | Set | 1 | 2 | 2 | 3 |
| 16. | Refrigerator | Set | 1-2 | 2-4 | 2-4 | 4 |
| 17. | Coagulometer for coagulation profile | set | - | | 1 | 1 |
| 18. | Blood cell counter(18 parameters or above) | pcs | 1* | 1 | 1 | 2 |
| 19. | Blood gas analyzer | Set | - | - | 1 | 1 |
| 20. | Generator | set | 1 | 1 | 1 | 1 |
| 21. | Centrifuge | pcs | 2 | 4 | 4 | 6 |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 22. | Laminar hood | | - | - | 1 | 1 |
| 23. | Counting Chamber | pcs | 1-2 | 1-2 | 1-2 | 1-2 |
| 24. | DLC counter | pcs | 1-2 | 2 | 2 | 2 |
| 25. | Pipettes, Glassware/kits /Consumables | pcs | As per need | | | |
| 26. | Biosafety Cabinet (Class II) | | - | - | - | - |
| 27. | Incinerator | set | 1 | 1 | 1 | 1 |
| 28. | Glassware/kits/ reagent consumables | as per need | | | | |
| 29. | Computer with printer | set | 1 | 1 | 1 | 2-4 |
| 30. | Adequate number of Furniture should be available. | | | | | |

**Note *** To be available as per need

(ख) Imaging equipments देहायको तालिका बमोजिम हुनु पर्नेछः

| SN | Name of the Equipment | No. of Beds | | | |
|---|---|---|---|---|---|
| | | 25 | 26-50 | 51-75 | 76-100 |
| 1 | 500 ma X-ray with image intensifier | | | 1 | * |
| 2 | 300 ma X-ray machine | 1 | 1 | | 1 |
| 3 | 100 ma X-ray machine | 1 | | 1 | 1 |
| 4 | 100 ma X-ray machine (MOBILE) | | 1 | 1 | 1 |
| 5 | Dry View Processer (CR System) | स्वैच्छिक | स्वैच्छिक | स्वैच्छिक | 1 |
| 6 | Dental X-ray machine | स्वैच्छिक | स्वैच्छिक | स्वैच्छिक | 1 |
| 7 | Ultra-sound machine with color droppler and guided biopsy | 1 | 1 | 1 | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | Spiral C.T. Scan | | स्वैच्छिक | स्वैच्छिक | * |
| 9 | MRI machine | | स्वैच्छिक | स्वैच्छिक | * |
| 10 | Mammography Unit | | | | 1 |
| 11 | Echocardiogram | स्वैच्छिक | 1 | 1 | 1 |

**Note *** To be available as per need

(ग) औजार तथा उपकरण सम्बन्धी अन्य मापदण्ड प्रदेश सरकारबाट स्वीकृत स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन मापदण्ड बमोजिम हुनेछ।

**११. <u>पूर्वाधार सम्बन्धी मापदण्डः</u>** (१) ऐनको दफा १० बमोजिम कुनै पनि स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालन गर्दा स्तर तथा प्रकार अनुसार देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) स्वास्थ्य संस्था रहने स्थान धूवाँ, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको।

(ख) स्वास्थ्य संस्था रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको।

(ग) स्वास्थ्य संस्था स्थापना हुने स्थानसम्म सडक यातायात को पहुँच भएको।

(घ) पानी, बिजुली र सञ्चार सुबिधा उपलब्ध भएको।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

व्यवस्था भएको।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्था भएको।

(छ) जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहर मैला व्यवस्थापन ऐन, २०६८ र फोहर मैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको।

(२) ऐनको दफा १० बमोजिम कुनै पनि अस्पतालले आकस्मिक सेवाका लागि अस्पतालमा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) कुल शैया क्षमताको कम्तीमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनु पर्नेछ। आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(१) RED (R) = अति सिकिस्त बिरामीको सेवा दिने शैया बराबर एक प्रतिशत,

(२) YELLOW (Y) = सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत,

(३) Green (G) = सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत,

(४) Black (B) = मृत्यु भईसकेका बिरामीलाई राख्ने शैया बराबर एक प्रतिशत,

(५) Observation Room/Bed बराबर तीन प्रतिशत,

(ख) दश प्रतिशत भन्दा बढी शैया छुट्याएको सन्दर्भमा माथि उल्लेख भएका वर्गीकरणको अनुपातमा शैयाको बाँडफाँड हुनु पर्नेछ।

(ग) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ल्याउन लैजान सकिने (व्हिलचेर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ।

(घ) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज (Triage Area), चेन्जिङ्ग रुम, Medico-Legal Case जस्तै Rape victim आदिको लागि गोपनीयता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(ङ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(च) पच्चीस शैया क्षमतासम्मका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (oncall) मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ साथै पच्चीस शैया भन्दा माथिको क्षमता भएका अस्पतालहरुमा आकस्मिक सेवा कक्षमा चौबीसै घण्टा चिकित्सक सेवा उपलब्ध हुनुका साथै सम्बन्धित विषयको कन्सल्टयाण्ट चिकित्सक अनकलमा अनिवार्य रुपमा उपलब्ध

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुनु पर्नेछ।

(छ) आकस्मिक कक्ष/विभागबाट बिरामी भर्ना गर्न रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ।

(ज) प्रकोप जन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ।

(झ) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC), सम्बन्धी तालिम लिएको हुनुपर्नेछ साथै सम्भव भए सम्म Advance Cardiac Life Support (ACLS)/AdvanceTraumaLife Support (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(३) ऐनको दफा १० बमोजिम कुनै पनि अस्पतालले बहिरंग विभागका लागि देहाय बमोजिमको

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, बालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसूति सेवा हुनुपर्ने तथा पूर्वाधार पुरा गरी हाडजोर्नी, नाक, कान घाँटी, छाला तथा यौनरोग,आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वेच्छिक रुपमा सञ्चालन गर्न सक्ने।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको।

(घ) पचास शैया वा सोभन्दा माथिका अस्पतालले मातृ तथा बाल स्वास्थ्य (एम.सी.एच.) क्लिनिकको अलग्गै व्यवस्था गरेको।

(४) ऐनको दफा १० बमोजिम कुनै पनि अस्पतालले अन्तरङ्ग विभागका लागि देहाय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) अस्पतालमा शल्यक्रिया पश्चात् पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात् पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नुपर्ने। उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्ने।

(ग) एक कन्सल्ट्याण्टको मातहतमा स्वास्थ्य सेवाको कुनै पनि युनिटमा पच्चीस शैया भन्दा बढी शैया राख्न नपाइने।

(५) ऐनको दफा १० बमोजिम कुनै पनि अस्पतालले एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्ने।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्मलोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवाकक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हीलचेयर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्ने।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङरुमको समेत व्यवस्था भएको हुनु पर्ने।

(६) शल्यक्रिया गर्ने स्वास्थ्य संस्थामा सेवाको प्रकार हेरी पाँच देखि दश प्रतिशत सघन उपचार सेवाका High dependency Unit र आई. सि. यु. शैयाहरु रहनु पर्नेछ।

(७) अस्पतालमा पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवर्धनात्मक तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ।

(८) अस्पतालमा कम्तीमा बच्चा तथा आमाको लागि विशेषज्ञ सेवा र विशेषज्ञ अस्पतालमा सो अस्पतालको प्रकृति अनुसारको विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ।

(९) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) अस्पताल हाताभित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नु पर्नेछ।

(ख) चौबीसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्ने।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा हुनु पर्ने।

(घ) उपचारमा प्रयोग गरिने लागूऔषधहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(Narcotic drugs) लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्क्रीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्ने साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्ने।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा सञ्चालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्ने।

(ज) औषधिको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देखे गरी सूचना टाँस गर्नु पर्ने।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्ने।

(१०) रक्तसञ्चार सेवा (Blood Bank) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनु पर्ने। सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनु पर्ने।

(ख) ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्ने।

(११) पचास शैया भन्दा माथि क्षमताको अस्पतालमा फिजियोथेरापि सेवा अनिवार्य रुपमा उपलब्ध

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

हुनुपर्नेछ।

(१२) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष वा शवगृहको व्यवस्था भएको हुनुपर्नेछ।

(१३) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष :-

(१) सेवाग्राहीको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुछ कक्षको व्यवस्था हुनु पर्ने।

(२) स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्ने।

(३) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुको मूल्य सूची सबैले स्पष्ट रुपमा देख्ने गरी राख्नु पर्ने र सो सम्बन्धी विवरणहरु सम्बन्धीत अस्पतालको Website मा समेत राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) सूचना सम्प्रेषण :-

(१) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनु पर्ने।

(२) अस्पतालमा सार्वजनिक सञ्चार सेवाको व्यवस्था हुनु पर्ने।

(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखु पर्ने।

(ग) पानी वितरण :-

(१) अस्पतालमा बिरामी र अन्य ब्यक्तिहरुका लागि चौबीसै घण्टा राष्ट्रिय मापदण्ड अनुरुपको शुद्ध पानीको आपूर्ति हुनु पर्ने।

(२) अस्पतालद्वारा वितरण हुने

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

पानीको गुणस्तर परीक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनु पर्ने। बहिरङ्ग, नर्सिङ्गकक्ष, अन्तरङ्ग,अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानीको व्यवस्था हुनु पर्ने।

(घ) विद्युत आपूर्तिः-

(१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्ने साथै अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनु पर्ने।

(२) ओ.टी., आई.सि.यू., सि.सि.यू., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत ब्याक-अप सिष्टम जडान भएको हुनु पर्ने।

(ङ) सरसफाइ तथा शौचालय व्यवस्था :-

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनुपर्ने :-

(क) आकस्मिक कक्ष

(ख) लेवर रुम

(ग) प्याथोलोजी सेवा

(घ) बहिरंग विभाग (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग)

(ङ) प्रति छ बेडको जनरल सेवामा एक शौचालय

(च) महिला तथा अपाङ्गका लागि अलगै शौचालय

(छ) क्याविन तथा डबल रुमका लागि (एटेच भएको)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार)

(३) अस्पताल हाताभित्र सेवा ग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्ने।

(४) शौचालय सधै सफा राख्ने व्यवस्था गरेको हुनु पर्ने।

(च) मर्मत सम्भार व्यवस्थाः-

(१) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनु पर्नेछ साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्य योजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ।

(२) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अन्य उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(छ) बिरामी कुरुवालाई सुविधाः अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनु पर्नेछ।

(ज) क्यान्टिन सुविधाः अस्पतालको हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dining) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ।

(झ) लण्ड्री व्यबस्थाः-

(१) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्ने।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्ने।

(ञ) भण्डार (Store) व्यवस्थाः-

(१) आपतकालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारकक्ष हुनु पर्ने। यस्तो भण्डारमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री मौज्दात (स्टक) राख्ने व्यवस्था हुनु पर्ने।

(२) अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको (Refrigerator, Ventilation, A/C आदि) व्यवस्था गरेको हुनु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ट) सुरक्षा व्यवस्था :-

(१) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्ने।

(२) आपतकालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनु पर्ने।

(ठ) एम्बुलेन्स सञ्चालनः अस्पतालमा मेडिकल एटेण्डेण्ट सहितको एउटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्वुलेन्स सेवा सञ्चालन नीति, २०६० बमोजिम एम्वुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ड) यातायातको व्यवस्थाः अस्पतालले कम्तीमा रात्रीकालीन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य रुपमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

मिलाउनु पर्नेछ।

(ढ) स्थान तथा जग्गा पूर्वाधारः-

(१) अस्पताल रहने स्थान (Location): अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदूषण मुक्त क्षेत्रको छनौट गर्नु पर्नेछ। छनौट गरिएको स्थान त्यस्तै प्रकृतिको अस्पताल रहेको स्थानको कम्तीमा एक किलोमीटर टाढा हुनु पर्नेछ। विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने अस्पताल, आयूर्वेद, होमीयोप्याथिक जस्ता फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक देखिएमा यो बन्देज लागू हुने छैन।

(२) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ। आफ्नो जग्गा नभएको खण्डमा कम्तीमा पन्ध्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

वर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ। पच्चीस शैया भन्दा माथि क्षमता बिस्तार गर्दा वा पचास शैया भन्दा माथिको अस्पताल सञ्चालन गर्नुपर्ने अवस्थामा आफ्नै स्वामित्वको भवन हुनु पर्नेछ।

(३) आफ्नो जग्गा नभएका पच्चीस शैयाका अस्पतालले कम्तीमा पन्ध्र वर्षका लागि घर जग्गा भाडा (लिज) मा लिई सेवा सञ्चालन गर्न सक्नेछ।

तर भाडामा लिइएको भवन, भवन संहिताका मापदण्ड अनुरुप निर्माण भएको हुनु पर्नेछ।

(४) शिक्षण अस्पतालको हकमा मेडिकल काउन्सिलको मापदण्ड अनुसार हुनु पर्नेछ।

(ण) अस्पतालको भवन (Building):-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनु पर्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारले अस्पतालका सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोही बमोजिम हुनेछ। अस्पतालको भवन सम्बन्धी अन्य मापदण्ड भवन संहिता तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) भवनमा सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ।

(३) अस्पतालको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकूलित यन्त्र राखिएको हुनु पर्नेछ।

(४) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी.,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनु पर्नेछ।

(५) अस्पतालमा व्हिलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट, र्याम्पको व्यवस्था भएको हुनु पर्नेछ ।

(६) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनु पर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(७) अस्पताल भवनको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मीटरका दरले हुनु पर्नेछ। उक्त क्षेत्रभित्र सोधपुछ, दर्ताकक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनु पर्नेछ। सो बाहेक भान्सा घर,लुगा धुने कोठा,जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डार कक्ष,मर्मत सम्भार कक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आदिका लागि थप व्यवस्था गरेको हुनु पर्नेछ।

(८) आफ्नो जग्गा नभएका पच्चीस शैयाका अस्पतालले घर जग्गा भाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भुकम्पीय जोखिम प्रतिरोध क्षमता भएको भनी सम्बन्धित निकायबाट प्रमाणित भएको हुनु पर्नेछ। पच्चीस शैया भन्दा माथि क्षमता विस्तार गर्दा वा पचास शैया भन्दा माथिको अस्पताल सञ्चालन गर्नु पर्ने अवस्थामा भवन निर्माण स्वीकृति लिदा, प्रयोजनमा अस्पताल सेवा सञ्चालनका लागि भनी स्पष्ट खुलेको हुनु पर्नेछ।

(९) शिक्षण अस्पतालको हकमा कुल निर्माण क्षेत्रफल नेपाल मेडिकल काउन्सिलले तोके बमोजिम र नतोकेको भएमा न्यूनतम प्रति शैया नव्वे वर्ग मीटर हुनु पर्नेछ ।

(१०) बहिरंग विभागको प्रत्येक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कोठाको क्षेत्रफल कम्तीमा चौध वर्ग मीटर हुनु पर्नेछ। शौचालय, प्रतीक्षालय, बिशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ।

(११) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतीक्षालयको व्यवस्था भएको हुनु पर्नेछ।

(१२) अस्पतालभित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग प्रवेशद्वार र बहिर्गमनद्वार हुनु पर्नेछ।

(१३) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनु पर्नेछ।

(१४) सेवाग्राही र अस्पताल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्वुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ। न्यूनतम पार्किङ कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ।

(१५) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांग मैत्री हुनु पर्नेछ।

(१६) व्हिलचेयर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(१४) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) पच्चीस शैया भन्दा माथिको अस्पतालले सेवा सञ्चालन गर्नुपूर्व

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम सम्बन्धित निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण वा वतावरणीय प्रभाव मूल्याङ्कन गरेको हुनु पर्नेछ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा फोहरमैला व्यवस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनु पर्नेछ।

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(१५) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) स्वास्थ्य संस्थाबाट निष्कासित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनु पर्ने।

(ख) अस्पतालबाट निष्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने।

(ग) स्वास्थ्य संस्थाबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने।

(घ) स्वास्थ्य संस्थामा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रबिधियुक्त उपकरण प्रयोग गर्नु पर्ने।

(१६) अस्पताल सम्बन्धी यस नियमावलीमा उल्लिखित मापदण्डका अतिरिक्त देहायका शैया क्षमताका अस्पतालहरुले देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(अ) पचास शैया भन्दा बढी एक सय क्षमता सम्मको अस्पतालको लागिः-

(१) भवन मापदण्डः

(क) भौगोलिक विषमताको आधारमा भवनको हरेक तलाको उचाई मानव स्वास्थ्यलाई अनुकूल हुने गरी बनाएको हुनु पर्नेछ। सामान्यतः कोठाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उचाई कम्तीमा तराईका लागि तीन दशमलव छ मिटर र अन्य क्षेत्रका लागि ३ मिटर हुनु पर्नेछ।

(ख) अस्पतालको गुरुयोजना (Master Plan) तयार गरेको हुनु पर्नेछ।

(ग) एक तला भन्दा वढी तला भएको अस्पतालमा सेवा प्रदान गर्नु पर्दा Ramp/Lift को अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ।

(घ) अस्पतालमा प्रत्येक विशेषज्ञ सेवाको लागि छुट्टाछुट्टै विभाग हुनु पर्नेछ।

(ङ) प्रशासनिक कार्यालयमा बैठक कोठा र पुस्तकालयको व्यवस्था भएको हुनु पर्नेछ।

(च) बहिरङ्ग विभाग, अन्तरङ्ग



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

विभाग, प्रयोगशाला, अपरेसन थिएटर र प्रशासनिक कार्यालय जस्ता सेवाग्राही र बिरामीले हिँडडुल गर्नु पर्ने क्षेत्रहरूमा सहज आवागमन गर्न सकिने गरी व्यवस्था हुनु पर्नेछ।

(छ) अस्पतालमा आउने बिरामी, कुरुवा र भिजिटर्सका लागि आवश्यक पर्ने सवारी साधनहरु पार्किङ्गको लागि अस्पतालले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(ज) आकस्मिक अवस्थामा बर्हिगमन द्वारको आवश्यक व्यवस्था भएको हुनु पर्नेछ।

(झ) आगलागि भएको बेलामा बारुणयन्त्रको लागि अस्पताल हाताभित्र पर्याप्त मात्रामा पानी भर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

व्यवस्था मिलाएको हुनुपर्नेछ।

(ञ) प्राकृतिक प्रकोपको अवस्थामा बारुण यन्त्र आवागमनमा सहज हुने गरी भवन निर्माण भएको हुनुपर्ने, पर्याप्त संख्यामा अग्नि समनयन्त्र (Fire Extinguisher) जडान भएको हुनु पर्ने साथै आकस्मिक संकेतका लागि साईरनको व्यवस्था हुनु पर्नेछ।

(२) अन्तरंग सेवा (Indoor service):-

(क) अस्पतालको शैया क्षमताको आधारमा ड्युटी रुम, पेन्ट्री (दराज, र्याक, खाना राख्ने ठाउँ आदि), आइसोलेसन रुम, ट्रिटमेण्ट रुम, शौचालय आदिको व्यवस्था भएको हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) शैंया बीचको दूरीको सम्बन्धमा साधारण शैया (General) बीचको दूरी कम्तीमा चार फिट हुनुपर्ने साथै भित्ताबाट कम्तीमा एक फिटको दूरीमा शैंया राख्नु पर्नेछ।

(ग) अस्पतलामा बच्चा, सुत्केरी, अब्जर्भेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था भएको हुनु पर्नेछ।

(घ) जनरल शैंयाको हकमा चार देखि छ शैयाको अनुपातमा एक स्टाफ नर्स व्यवस्था भएको हुनु पर्नेछ।

(ङ) लेबर रुमको छुट्टै व्यवस्था भएको हुनु पर्नेछ साथै लेबर रुमका लागि छुट्टै शौचालयको व्यवस्था हुनु पर्नेछ।

(३) सघन उपचार सेवा (आई.सि.यू.,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सि.सि.यू.,एन. आई. सि.यू.) :-

(क) चौबीसै घण्टा सघन उपचार सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(ख) प्रत्येक अस्पतालमा आकस्मिक कक्षसँगै Observation Ward/ Minor OT/ Major OT बाट सहज पहुँच पुग्ने आई.सि.यू. (इन्टेन्सिव-केयर युनिट)कक्ष हुनु पर्नेछ।

(ग) कुल उपलब्ध वेडको पाँच प्रतिशतको अनुपातमा आई.सि.यू.वेड व्यवस्था गरेको हुनु पर्नेछ।

(घ) आइ.सि.यू. कक्षमा प्रति दुई शैयाका लागि एक भेन्टिलेटर हुनु पर्नेछ।

(ङ) तुरुन्तै असर गरिहाल्ने (Acute) रोगीहरूको लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बाग्मती प्रदेश

आवश्यक मात्रामा अलग्गै शैया छुट्याउनु पर्नेछ।

(च) आई.सि.यु., सि.सि.यू, एन.आई.सि.यू. जस्ता सघन सेवा प्रदान गर्ने युनिटमा प्रति शैयाको अनुपातमा एक जना स्टाफ नर्सको व्यवस्था हुनु पर्नेछ। सम्बन्धित क्षेत्रमा तालिम प्राप्त चिकित्सक चौबीसै घण्टा उपस्थित रहनु पर्ने र सम्बन्धित कन्सल्टयाण्ट अनकलमा उपलब्ध हुनु पर्नेछ।

(छ) मेजर ओ.टी. भएको जुनसुकै अस्पतालमा आइ.सि.यू. अनिवार्य हुनु पर्नेछ।

(ज) आइ.सि.यू.युनिटमा भर्ना भएका बिरामीहरुको अवस्थाबारे चौबीस घण्टामा कम्तीमा दुई पटक बिरामीका

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

आफन्तलाई बिरामीको अवस्थाको जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

(झ) कडा सरुवा रोग भएका बिरामीलाई सघन उपचार आवश्यक परेमा बिरामीलाई छुट्टै आइसोलेशनमा उपचारको प्रबन्ध मिलाएको हुनु पर्नेछ।

(ञ) सघन उपचार कक्ष वातानुकूलित हुनु पर्नेछ।

(४) ओ.टी. (अपरेशन थिएटर) (Operation Theater):-

(क) प्रति पचास शैया क्षमता बराबर एउटा मेजर ओ.टी. र एउटा माइनर ओ.टी. को व्यवस्था भएको हुनु पर्नेछ ।सोका अतिरिक्त प्रत्येक पच्चीस शैया सर्जिकल बेडका लागि एक मेजर ओ.टी.

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

र आवश्यक माइनर ओ.टी. को थप व्यवस्था हुनु पर्नेछ।

(ख) प्रति पचास शैया क्षमता बराबर एउटा एनेस्थेटिक तयारी कक्षको व्यवस्था भएको हुनु पर्नेछ।

(ग) ओ.टी., श्वास-प्रश्वास तथा मोडाइलाईसिस युनिटसँग पहुँच भएको हुनु पर्नेछ।

(घ) अक्सिजन आपूर्तिको नियमित व्यवस्था हुनु पर्नेछ।

(ङ) ओ. टी. वातानुकूलित गराइएको हुनु पर्नेछ।

(च) अत्यावश्यकीय सेवा तथा सामग्रीहरू उपलब्ध भएको हुनु पर्नेछ।

(छ) ओ. टी. को बाहिर बिरामी कुरुवा बस्ने व्यवस्था हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) प्रत्येक मेजर ओ.टी.को लागि पोष्ट अपरेटिभ वार्डको व्यवस्था भएको हुनु पर्नेछ।

(५) एलाईड हेल्थ सेवा (Allied Health Services):-

(क) एक्सरे मेशिन Install गर्नको लागि कम्तीमा दुई सय पच्चीस स्क्वायर फीटको कोठा हुनु पर्नेछ।

(ख) एक्सरे गर्ने कोठाको wall thickness नौ इन्च with plaster of paris वा 6 Inches with 0.2 mm lead barrier वा 2.0 mm lead Thickness वा मध्ये कुनै एक हुनु पर्नेछ साथै झ्याल, ढोका तथा भित्ताबाट विकिरणको चुहावट नहुने गरी आवश्यक व्यवस्था भएको हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) X-ray Expose गर्ने व्यक्तिको लागि एक्सरे कोठा भित्र 0.5mm को lead Apron or Equivalent Radiation Protective Material प्रयोग गर्ने व्यवस्था हुनु पर्नेछ।

(घ) पचास वेड भन्दा माथिका अस्पतालमा कम्तीमा एक वटा मोवाइल एक्सरे मेसिन हुनु पर्नेछ।

(ङ) माइक्रो बायोलोजी सम्बन्धी प्रयोगशाला वातानुकूलित भएको हुनु पर्नेछ।

(६) सूचना सम्प्रेषणः-

(क) आधुनिक सूचना प्रविधि सहितको अस्पताल सूचना केन्द्रको स्थापना भएको हुनु पर्नेछ।

(ख) अस्पताल प्रवेश गर्नासाथ अस्पतालको लेआउट



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

देखिने नक्साद्वारा कुन सेवा कुन ठाउँमा प्राप्त गर्न सकिन्छ भनी देखिने बिरामी बडापत्रको व्यवस्था हुनु पर्नेछ।

(ग) सूचना-पाटी, टि.भि. स्क्रिन, वेभसाइट, ब्रोसियर जस्ता माध्यमबाट स्वास्थ्य सम्बन्धी जानकारी र अस्पतालबाट प्रदान गरिने सेवा र यसको लागि आवश्यक शुल्क सम्बन्धी जानकारी समेत दिने व्यवस्थाका लागि नागरिक वडा पत्र सहज रुपमा देखिने ठाउँमा राख्नु पर्नेछ।

(घ) प्रयोगशालाबाट सेवाग्राहीहरूले पाउनुपर्ने सूचना व्यवस्थित रुपले प्रदान गर्न यस्तो सूचना प्रणालीलाई अस्पतालको सूचना प्रणालीसँग आवद्ध

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गरेको हुनु पर्नेछ।

(ङ) वार्ड तथा अन्य सम्वेदनशील कोठाहरू जस्तै लेवर-रुम, डेलिभरी-रुम, आइ.सी.यू, सी.सी.यू, अपरेशन थिएटर, आपतकालीन कक्षमा शीघ्र सूचना दिने पद्धति स्थापना भएको हुनु पर्नेछ।

(आ) एक सय शैया भन्दा बढी क्षमताको अस्पतालको लागिः-

(१) अन्तरङ्ग विभागः अन्तरंग विभागका लागि देहायको मापदण्ड पुगेको हुनु पर्ने छः-

(क) महिला र पुरुषको लागि अलग-अलग वार्डको व्यवस्था हुनु पर्ने,

(ख) अस्पतालमा वार्डको सुविधा हुने गरी ड्रेसिङ रुम, काउन्सिलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) अपांगहरूको व्यक्तिगत सरसफाइ र लुगा फेर्ने प्रयोजनका लागि आवश्यक व्यवस्था हुनुपर्ने र अस्पताल भवन बालबालिका तथा अपाङ्ग मैत्री हुनु पर्ने,

(घ) एक जनरल वार्डमा अधिकतम पच्चीस शैया भन्दा बढी राख्न नपाइने,

(ङ) प्रत्येक कमन रुममा छ शैया भन्दा बढी राख्न नपाइने,

(च) प्रत्येक वार्डमा सिंगल, डबल र क्याबिन सहितको शैया भएका कोठाहरूको समेत व्यवस्था हुनु पर्ने,

(छ) ठूला र जटिल प्रकारका शल्यक्रिया (Major Surgery) सेवा प्रदान गर्ने अस्पतालमा कार्डियाक मनिटर भेन्टिलेटर समेतका पोष्ट अपरेटिभ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

रिकभरी शैया अनिवार्य रुपमा उपलब्ध हुनु पर्ने,

(ज) प्रत्येक वार्डका लागि अलग-अलग नर्सिङ स्टेशन हुनु पर्ने,

(झ) अस्पतालमा आवश्यकता अनुसार चेन्जिङ रुम, शौचालय, बाथ रुम, नर्सिङ स्टेशन तथा ड्युटी रुमको व्यवस्था गरिएको हुनु पर्ने,

(ञ) लेबर रुम र प्रसूति कक्षमा कार्डियोटोकोग्राफी मेशिन जडान भएको हुनु पर्ने,

(ट) यस्तो प्रविधि अस्पतालको सूचना प्रविधिमा जोडिएको हुनु पर्ने।

(२) एलाइडहेल्थः एलाइड हेल्थको लागि देहायको मापदण्ड पुगेको हुनु पर्नेछः-

(क) बायोकेमेष्ट्री,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

माइक्रोबायोलोजी, हेमाटोलोजी, प्याथोलोजी सेवाहरु सञ्चालन भएको हुनु पर्ने,

(ख) कम्तीमा एकजना फिजियोथेरापिष्ट सहितको फिजियोथेरापी युनिट भएको हुनु पर्ने। त्यसमा फिजियोथेरापी तथा स्पिचथेरापीको व्यवस्था भएको हुनु पर्ने,

(ग) प्रयोगशाला परीक्षणको लागि कम्प्युटर प्रविधि प्रयोग गरी न्यूमेट्रिकट्युब प्रणालीबाट नमुनाको संकेत र प्रतिवेदन दिने व्यवस्था मिलाएको हुनु पर्ने,

(घ) थेराप्यूटिक (Therapeutic) औषधि अनुगमनको व्यवस्था भएको हुनु पर्ने,

(ङ) नमुना संकलन, रिपोर्ट

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

वितरण र सोधपुछको लागि अलग-अलग कोठाहरू भएको हुनु पर्ने,

(च) Radiology मा कार्यरत कर्मचारीहरुको लागि Radiation Dose monitor गर्ने (Thermo Luminescent Dosimeters TLD badges) उपलब्ध गराउनु पर्ने र समयसमयमा Radiation Survey Monitoring गर्नुपर्ने, Eye, Gonodal,Thyroid Gland आदीको सुरक्षाको लागि Lead Glass/Gloves and Lead Apron को व्यवस्था हुनु पर्ने,

(छ) X-ray expose गर्ने कोठा, डार्करुम र प्रतीक्षा कक्ष छुट्टाछुट्टै हुनु पर्ने,

(ज) Radiology विभागमा जन साधारणले देख्ने ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

खराव असर पर्न सक्छ भन्ने वारे सूचना टाँस्ने साथै सूचनामा गर्भवती महिला तथा बालवालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने,

(झ) एम.आर.आई./सि.टी. स्क्यान राख्ने कोठाको साइज कम्तीमा १६×२० फिटको हुनु पर्ने,

(ञ) सि.टि.स्क्यानको लागि रेडियसन लिकेज हुन नदिनका लागि माथि एक्सरेको लागि उल्लेख भए बमोजिम व्यवस्था मिलाउनु पर्ने,

(ट) एम.आर.आई को कोठाको लागि External Magnetic असर हुन नहुने व्यवस्था मिलाउनु पर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) कन्ट्रोलरुम कम्तीमा १०×१२ फीटको हुनु पर्ने,

(ड) सि.टी.स्क्यान मेशिन गुणस्तरयुक्त र Spiral (Helical) हुनु पर्ने,

(ढ) एम.आर.आई. 0.5 Tesla or 0.2 Tesla भएमा M.R. Angiography सुविधा भएको हुनु पर्ने।

(३) ब्लडबैंक (BloodBank): एक सय शैया वा सो भन्दा वढीको अस्पतालमा रक्त सेवाको व्यवस्था उपलब्ध हुनु पर्नेछ साथै अर्थोपेडिक, कार्डियाक सर्जरी, गाइने तथा अव्स, न्यूरोसर्जरी, नेफ्रोलोजी सेवा दिने एक सय शैया भन्दा कम भएका अस्पतालले पनि आवश्यकता अनुसार रक्त सेवा उपलब्ध गराउनु पर्नेछ। नेपाल रेडक्रस सोसाईटीबाट रक्त सञ्चार सेवा उपलब्ध भएको ठाउँमा यो व्यवस्था अनिवार्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश

हुने छैन ।

(४) शवगृह (Mortuary):

(क) शवगृह अस्पताल कम्पाउण्ड भित्र तर अलग्गै स्थानमा हुनु पर्ने।

(ख) शवगृहमा राखिने शव नसड्ने गरी राख्न सकिने खालको प्रविधियुक्त हुनु पर्ने।

(ग) अस्पतालमा रहेको शव गृहले छरछिमेकमा असर नपुर्याउने व्यवस्थाको ग्यारेन्टी अस्पतालले गर्नु पर्ने।

(५) फोहरमैला व्यवस्थापन (Waste Management):

(क) फोहरको सेग्रिगेशन, कलेक्सन, ट्रान्सपोर्टेशन, ट्रिटमेन्ट र अन्तिम बिसर्जन छुट्टै योजना तयार गरी उपयुक्त प्रविधिबाट फोहोर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

व्यवस्थापन गर्नु पर्ने।

(ख) मर्करीयुक्त उपकरणहरुको सट्टामा डिजिटालाइज्ड उपकरण प्रयोगमा ल्याउनु पर्ने।

(ग) अस्पतालबाट निष्कासित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनु पर्ने।

(घ) एक सय शैंया भन्दा माथिका अस्पतालमा चिकित्साजन्य फोहर व्यवस्था सम्बन्धी कार्यको नियमित अनुगमन गर्न जनस्वास्थ कक्ष / वातावरणविद सहितको स्यानिटेसन यूनिट र कर्मचारी व्यवस्था हुनु पर्ने।

(६) सरसफाइ व्यवस्थाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था हुनु पर्ने।

(ख) महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय तथा नुहाउने घरको व्यवस्था हुनु पर्ने।

(ग) अस्पताल परिसर तथा वार्डहरु सधै सफा राख्नु पर्ने।

(७) सुरक्षा व्यवस्थाः

(क) अस्पताल भवनमा चटयाङ्ग छल्न (Anti-Lightening) प्रविधिको जडान, वैकल्पिक भर्याङको व्यवस्था, आगो निभाउने संयन्त्र, अटोफायर अलार्म, स्मोक डिटेक्टर जडान गरिएको हुनु पर्ने।

(ख) अस्पतालका स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई विपद् व्यवस्थापनका लागि (आगजनी, भुकम्प,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुलदंगा आदि) र आपतकालीन उद्धार तथा उपचार गर्ने प्रभावकारी विधिको कार्य योजना बनाई सो सम्बन्धी अभिमुखीकरण तालिम कम्तीमा वर्षको दुई पटक र नमूना अभ्यास (Drill practice) कम्तीमा एक पटक गराउनु पर्ने।

(८) बहिरङ्ग विभाग र अन्तरङ्ग विभागः वहिरङ्ग विभाग र अन्तरङ्ग विभागमा आवश्यक विशेषज्ञ सेवा (Specialized Services) को लागि देहाय बमोजिम मापदण्ड पुगेको हुनु पर्नेछः-

(क) पच्चीस देखि पचास शैंया सम्म क्षमताको अस्पतालमा सामान्य चिकित्सा, जनरल सर्जरी, बाल रोग र प्रसूति तथा स्त्री रोग सेवा अनिवार्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

रुपमा हुनुपर्ने,

(ख) एकाउन्न देखि एक सय शैया क्षमताका अस्पतालहरुमा खण्ड (क) मा उल्लिखित सेवाका अतिरिक्त अर्थोपेडिक्स, डेन्टल, नाक, कान तथा घांटी, यौन तथा छाला रोग, साइकियाट्रिक जस्ता विशेषज्ञ सेवाहरुमध्येबाट थप दुई सेवा समेत हुनु पर्ने,

(ग) एक सय एक शैयादेखि दुई सय शैया क्षमताका अस्पतालहरुमा माथि (ख) मा समावेश भै बाँकी रहेका थप दुई सेवा हुनु पर्ने,

(घ) खण्ड (क) देखि (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि एकमात्र बिशेषज्ञ सेवा दिने गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

खोलिने अस्पतालको हकमा यो व्यवस्था बाध्यकारी हुने छैन।

(१७) पूर्वाधार सम्बन्धी अन्य मापदण्ड प्रदेश सरकारबाट स्वीकृत स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन मापदण्ड बमोजिम हुनेछ।

१२. **<u>सञ्चालन अनुमतिको ढाँचा</u>**: ऐनको दफा ११ को उपदफा (३) तथा यस नियमावली बमोजिमको मापदण्ड पुरा गर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालन गर्न पाँच वर्षसम्मको लागि अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ।

१३. **<u>नवीकरणको ढाँचा</u>**: ऐनको दफा १५ को उपदफा (२) बमोजिमको स्वास्थ्य सेवा सञ्चालन अनुमति पत्र नवीकरणको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

१४. **<u>थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने</u>**: ऐनको दफा १२ बमोजिम कुनै स्वास्थ्य संस्थाले आफ्नो सेवा विस्तार वा शाखा स्थापना गर्दा यस ऐन तथा नियमावली बमोजिमको मापदण्ड पूरा गरी छुट्टै अनुमति लिनु पर्नेछ।

१५. **<u>स्वामित्व हस्तान्तरण</u>**: ऐनको दफा १७ बमोजिम कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्थाको स्वामित्व हस्तान्तरण प्रचलित कानून बमोजिम हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

१६. **<u>गुणस्तर सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने</u>:** ऐनको दफा १९ बमोजिम स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको गुणस्तर भए नभएको सम्बन्धमा अनुसूची-५ बमोजिम प्रत्येक वर्ष स्वःमूल्याङ्कन गरी नँया आर्थिक वर्षको दुई महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१७. **<u>स्वास्थ्य संस्था गाभिन सक्ने शर्त</u>:** (१) ऐनको दफा २१ बमोजिम सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चलन गर्न चाहेमा देहाय बमोजिमका शर्तहरु पुरा गरी मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछः-

(क) गाभिन चाहने संस्थाको सञ्चालक वा सञ्चालक समिति र साधारण सभाको निर्णयको प्रतिलिपि संलग्न गरेको हुनुपर्ने,

(ख) गाभिन चाहने संस्थाहरुको कर चुक्ता प्रमाणपत्र संलग्न गरेको हुनुपर्ने,

(ग) गाभिन चाहने संस्थाहरुको उद्देश्य समान हुनुपर्ने,

(घ) गाभिन चाहने संस्थाहरुको अन्तिम वासलात र लेखा परीक्षणको प्रतिवेदन हुनुपर्ने।

(२) यस नियममा लेखिए बाहेक अन्य शर्तहरु मापदण्ड र प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

तर अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकाधिकार वा अनुचित व्यापारिक नियन्त्रण हुने वा सार्वजनिक हितको विपरीत हुने देखिएको खण्डमा गाभिने स्वीकृति दिइने छैन।

## परिच्छेद -४

## प्रजनन स्वास्थ्य सम्बन्धी व्यवस्था

१८. **प्रजनन स्वास्थ्य सेवाः** ऐनको दफा २७ को उपदफा (२) बमोजिम मन्त्रालयले लक्षित समूहलाई स्वास्थ्य संस्था, स्वास्थ्य सेवा प्रदायक शिक्षण संस्था, संघ संस्था मार्फत् प्रजनन स्वास्थ्य सम्बन्धी देहायका सेवाहरु उपलब्ध गराउने छः-

(क) सुरक्षित मातृत्व सम्बन्धी परामर्श,

(ख) गर्भ जाँच, प्रसूति सेवा,

(ग) आकस्मिक प्रसूति सेवा तथा नवजात शिशु सेवा,

(घ) उत्तर प्रसूति सेवा,

(ङ) परिवार नियोजन,

(च) सुरक्षित गर्भपतन सेवा,

(छ) बाँझोपनको उपचार सम्बन्धी सरसल्लाह लगायतका सेवा,

(ज) उमेर ढल्केका महिलाको प्रजनन स्वास्थ्य सेवा,

(झ) लैंगिक हिंसा प्रभावितलाई सेवा।

१९. **गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको पोषण**

आन्तरिक मामिला तथा कानून मन्त्रालय,गण्डकी प्रदेश

**तथा उपचार सम्बन्धीः** ऐनको दफा २८ को उपदफा (२) बमोजिम मन्त्रालयले स्वास्थ्य संस्था, स्वास्थ्य सेवा प्रदायक शिक्षण संस्था, संघ संस्था मार्फत गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको पोषण तथा उपचार सेवा सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) स्वस्थकर व्यवहार, पोषण तथा सरसफाइ जस्ता विषयवस्तु स्वास्थ्य शिक्षा मार्फत् सुसूचित गराउनु पर्नेछ,

(ख) स्थानीय उत्पादित खाद्य पदार्थको प्रबर्धन तथा थप आहार खाना परामर्श सेवा दिनु पर्नेछ,

(ग) गर्भवती र प्रसूति सेवाहरु सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र राष्ट्रिय मापदण्ड बमोजिम सञ्चालन गर्नु पर्नेछ,

(घ) आमा सुरक्षा कार्यक्रम सञ्चालन भएका स्वास्थ्य संस्थाहरुबाट निशुल्क प्रसूति सेवा प्रदान गर्नु पर्नेछ।

२०. **सुरक्षित गर्भपतन सेवाः** (१) ऐनको दफा ३३ को उपदफा (२) बमोजिमको सुरक्षित गर्भपतन सेवाको प्रविधि देहाय बमोजिमको अपनाउनु पर्नेछः-

(क) बाह्र हप्तासम्मको अवधिको गर्भको लागि म्यानुयल भ्याकुम एसपिरेसन (एम.भि.ए.), ईलेक्ट्रोनिक भ्याकुम एसपिरेसन (ई.भी.ए), फर्माकोलोजिकल र डायलेटेसन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

क्यूरेटज (डी. एण्ड. सी.)।

(ख) बाह्र हप्ता भन्दा बढी अवधिको लागि खण्ड (क) मा उल्लेखित प्रविधिको अतिरिक्त डायलेटेसन तथा इभाक्वेसन (डी एण्ड ई) र पेशागत हिसाबले उपयुक्त ठहरिएको अन्य कुनै प्रविधि।

(२) ऐनको दफा ३३ को उपदफा (२) बमोजिम प्रत्येक चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सेवा उपलब्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले गर्भपतन गराउने सम्बन्धमा आफ्नो मन्जुरीनामा अनुसूची–६ बमोजिमको ढाँचामा लेखी सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउनु पर्नेछ।

(ख) उपनियम (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरिक वा मानसिक कारणले होस ठेगाना नभएकी र १६ वर्ष उमेर पूरा नगरेकी महिलाको हकमा अनुसूची-६क बमोजिमको मन्जुरीनामा सम्बन्धित गर्भवतीको

आन्तरिक मामिला -

नजिकको नातेदारले सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) चिकित्सक वा स्वास्थ्यकर्मीले उपनियम (२) को खण्ड (क) र (ख) बमोजिम प्राप्त मन्जुरीनामा सम्बन्धित स्वास्थ्य संस्थाको दर्ता रजिष्टरमा दर्ता गरेर दर्ता नम्बर र मिति उल्लेख गर्नु पर्नेछ ।

(घ) जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएको भनी सम्बन्धित गर्भवती महिलाले अभिव्यक्त गरेको बयानलाई सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले विश्वसनीय आधार मानी सेवा उपलब्ध गराउनु वा उपयुक्त चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष प्रेषण गर्नु पर्नेछ।

(ङ) सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष व्यक्त गरेको बयान र सो बयान समर्थन गर्न सहयोग पुर्याउन सक्ने अन्य कुनै

आन्तरिक मामिला -

प्राविधिक आधार भए सो समेतको आधारमा सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले गर्भमा रहेको भ्रुणको आयु निर्धारण गरी अभिलेखमा जनाउनु पर्नेछ ।

(च) चिकित्सकले सेवा उपलब्ध गराउँदा वा सो विषयमा राय दिंदा वा स्वास्थ्यकर्मीले सेवा उपलब्ध गराउँदा उपनियम (१) बमोजिमको प्रविधिक प्रक्रिया अपनाई सुरक्षित गर्भपतन गराउँदा प्राविधिक दृष्टिले सम्बन्धित गर्भवती महिलालाई हुन सक्ने शारीरिक हानि नोक्सानीको संभावित जोखिम, यसका बेफाइदा, विकल्प तथा परिवार स्वास्थ्य एवं परिवार नियोजनका विषयमा समेत परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ ।

आन्तरिक मामिला -

२१. **<u>प्रजनन अङ्गमा हुने संक्रमण तथा यौनजन्य रोगको रोकथाम</u>**ः ऐनको दफा ३५ बमोजिम प्रजनन अङ्गमा हुने संक्रमण तथा यौनजन्य रोगको रोकथाम, नियन्त्रण, उपचार, तथा पुर्नस्थापना राष्ट्रिय प्रोटोकल बमोजिम हुनेछ।

२२. **<u>बाझोपनको रोकथाम र उपचार</u>**ः ऐनको दफा ३६ बमोजिम बाझोपनको रोकथाम र उपचारको आवश्यक

व्यवस्था राष्ट्रिय प्रोटोकल बमोजिम प्रदेश तथा स्थानीय तहका अस्पताल मार्फत उपलब्ध गराउनु पर्नेछ।

२३. **<u>लैङ्गिगक हिंसामा आधारित स्वास्थ्य सेवा</u>:** ऐनको दफा ३७ बमोजिम लैङ्गिगक हिंसामा परेका व्यक्तिलाई मन्त्रालयले मनो सामाजिक परामर्श सेवा तथा पुनर्स्थापना सेवाको लागि एकद्वार संकट व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२४. **<u>संस्था सूचिकृत हुने सम्बन्धमा</u>:** ऐनको दफा ३८ बमोजिम मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिमका मापदण्ड पुरा गर्ने निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थालाई सूचिकृत गर्न सक्नेछ।

## परिच्छेद-५

## <u>खोप सम्बन्धी व्यवस्था</u>

२५. **<u>खोप सेवा प्रदान गर्ने संस्थाहरु</u>:** ऐनको दफा ३९ बमोजिम मन्त्रालयले खोप सेवा सम्बन्धी देहायको व्यवस्था गर्नेछः-

(क) अनुसूची-७ अनुसारका राष्ट्रिय खोप तालिका बमोजिमका खोपहरु लक्षित वर्गलाई निःशुल्क उपलब्ध गराईनेछ।

(ख) राष्ट्रिय खोप तालिका अनुसार खोप सेवा प्रदेश अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, वाह्यखोप केन्द्र तथा अनुमति प्राप्त स्वास्थ्य संस्थाबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपलब्ध गराईनेछ।

(ग) खोप सेवा सञ्चालन गर्ने मिति, समय र स्थान बारे सर्वसाधारण जनतालाई सुसूचित गराउनु पर्नेछ।

(घ) खोप सेवा स्वास्थ्यकर्मीबाट सञ्चालन गराउनु पर्नेछ।

२६. **<u>खोप सेवा सञ्चालन गर्न अनुमति लिनु पर्नेः</u>** (१) निजी, गैरसरकारी, सामुदायिक स्वास्थ्य संस्थाले मन्त्रालयबाट अनुमति लिई खोप सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुमति लिदा देहायको प्रक्रिया पुरा गरेको हुनु पर्नेछः-

(क) खोप सेवा सञ्चालन गर्न चाहने स्वास्थ्य संस्थाले अनुमतिका लागि दुई हजार रुपैंया दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त निवेदन अध्ययन गरी अनुमति पत्र दिन उपयुक्त देखिएमा मन्त्रालयले अनुसूची-९ बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

(ग) खण्ड (क) बमोजिम प्राप्त निवेदन जाचँ बुझ गर्दा अनुमति दिन नमिल्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

भएमा मन्त्रालयले निवेदकलाई त्यसको कारण सहितको जानकारी पन्ध्र दिनभित्र दिनु पर्नेछ ।

(घ) खण्ड (क) बमोजिम अनुमति लिई खोप सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन प्रत्येक छ महिनामा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ङ) यस नियममा जुनसुकै कुरा लेखिए तापनि सरकारी स्वास्थ्य संस्थाले खोप सेवा सञ्चालनको लागि अनुमति पत्र लिनु पर्ने छैन।

२७. **<u>अनुमति पत्रको अवधि र नवीकरणः</u>** (१) अनुमतिपत्रको अवधि जारी भएको मितिले दुई वर्षको हुनेछ।

तर स्वास्थ्य संस्था सञ्चालन अनुमति सकिएको अवस्थामा खोप सेवाको अवधि कायम भएता पनि सो संस्थाले खोप सञ्चालन गर्न पाउने छैन।

(२) अनुमति पत्र प्राप्त स्वास्थ्य संस्थाले अनुमति पत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै अनुमति नवीकरणका लागि एक हजार रुपैयाँ शुल्क सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनिय (२) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले जाचँबुझ गरी चित्त बुझेमा नवीकरण गरिदिनु

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

पर्नेछ।

२८. **अनुमति रद्द गर्न सक्नेः** (१) अनुमति प्राप्त स्वास्थ्य संस्थाले तोकिए बमोजिमको अवधिभित्र अनुमति पत्र नवीकरण नगराएमा मन्त्रालयले त्यस्तो सेवा रद्द गर्नेछ।

(२) यस नियमवली र अनुमति पत्रको शर्त अनुसार शर्त उल्लंघन गर्नुका साथै मन्त्रालयले समय-समयमा दिएका निर्देशन पालना नगरेमा त्यस्तो अनुमति पत्र जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ।

२९. **खोप सेवाको प्रतिवेदनः** (१) अनुमति प्राप्त स्वास्थ्य संस्था वा सरकारी स्वास्थ्य संस्थाले आफूले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन अर्को महिनाको एक हप्ताभित्र स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य कार्यलयमा मासिक रुपमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण समावेश गर्नु पर्नेछः-

(क) खोप लिने सेवाग्राहीको नाम, थर, लिङ्ग, उमेर तथा संस्था सहितको विवरण,

(ख) बच्चाको हकमा अभिभावकको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्ने,

(ग) कुन खोप दिइएको हो सो को विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) खोपको कारणबाट सृजित समस्या भएमा त्यसको विवरण र सम्बन्धित निकायमा जानकारी दिएको विवरण।

(३) मन्त्रालयले निर्धारित गरेको प्रतिवेदन फारम अनुसार मासिक रुपमा प्रतिवेदन पठाउनु पर्नेछ।

३०. **खोपको मापदण्डः** (१) खोपको मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ :-

(क) विश्व स्वस्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको,

(ख) उत्पादन भएको मुलुक वा अन्य मुलुकमा प्रयोग भैसकेको,

(ग) उपभोग गर्ने म्याद भित्र भएको,

(घ) खोपको भायलमा भ्याक्सिन भायल मनीटरको सूचक उपयुक्त भएको,

(ङ) खोप निकासी गर्ने देशको नियामक निकायबाट लट रिलिज प्रमाणपत्र प्राप्त गरेको,

(च) मन्त्रालयले समय-समयमा तोकेको अन्य मापदण्ड पुरा गरेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

३१. **खोप कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५० उपदफा ४ बमोजिम खोप कोषको सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ख) प्राकृतिक प्रकोप वा महामारीका कारण तत्काल खोप खरिद गर्न आवश्यक भएमा त्यस्तो खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ग) राष्ट्रिय खोप कार्यक्रमको विस्तार सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न,

(घ) राष्ट्रिय खोप कार्यक्रममा प्रयोग हुने खोप, निजी क्षेत्रको साझेदारीमा मुलुकभित्र उत्पादन गर्न लागत प्रभावकारिताको दृष्टीले उपयुक्त हुने देखिएमा त्यस्तो खोप उत्पादन कार्यमा लगानी गर्न,

(ङ) खोप लगाएको कारणबाट उपचार तथा क्षतिपूर्ति गर्नु पर्ने अवस्थामा।

(२) कोषको सचिवालय मन्त्रालयमा हुनेछ।

(३) उपनियम (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको कार्यमा खर्च गर्दा कोष सञ्चालक समितिले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) कोषको खाताको सञ्चालन सदस्य-सचिव र मन्त्रालयको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीबाट हुनेछ।

(४) कोषको रकम उपनियम (१) को खण्ड (ख) र (ङ) मा उल्लेखित कार्यमा बाहेक कोषको अन्य कामका लागि खर्च गर्दा कम्तीमा दुई करोड रुपैयाँ कोषमा मौज्दात रहने गरी खर्च गर्नु पर्नेछ।

(५) उपनियम (१) को खण्ड (ख) बमोजिमको कार्यको लागि खर्च भएको रकम प्रदेश सरकारले यथा शीघ्र कोषलाई सोधभर्ना गर्नेछ।

३२. **<u>कोष सञ्चालक समितिः</u>** (१) ऐनको दफा (५) बमोजिमको खोप कोषको सञ्चालन गर्न देहायको कोष सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय - सदस्य

(ग) निर्देशक, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र -सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेशको अर्थ हेर्ने मन्त्रालय - सदस्य

(ङ) खोप कार्यक्रममा संलग्न व्यक्ति वा गैरसरकारी संस्थाहरु मध्येबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(च) प्रमुख, चिकित्सा सेवा तथा अस्पताल विकास महाशाखा -सदस्य सचिव

(२) सम्बन्धित विषय विज्ञलाई समितिमा आमन्त्रण गर्न सकिने छ।

(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमको सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (१) को खण्ड (ङ) बमोजिमको सदस्यहरुले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्य पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

३३. **कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** नियम ३२ को उपनियम (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खोप कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने कार्यमा मन्त्रालयलाई सहयोग गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) कोषको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) खोप कार्यक्रमको विकास, विस्तार र सञ्चालन गर्ने,

(घ) खोप कार्यक्रमलाई दीगो र भरपर्दो बनाउन कोषको लागि स्रोत जुटाउने,

(ङ) कोषको रकम खर्च गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्ने,

(च) कोषको विकास तथा विस्तारको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) खोप कोषमा एक लाख रुपैयाँ वा सो भन्दा बढी आर्थिक सहयोग गर्ने व्यक्ति वा दाता, संस्थालाई सम्मान पत्र दिन सक्ने ।

(ज) कोष सञ्चालक समितिले आफूले वर्ष भरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदन समितिले सार्वजनिक गर्नु पर्नेछ ।

(झ) कोष सञ्चालक समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(ञ) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने वा गराउने।

३४. **कोष सञ्चालक समितिको बैठक र निर्णयः** कोष सञ्चालक समितिको बैठक र निर्णय देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(घ) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको बैठकमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३५. **<u>कोष सञ्चालक समितिको लेखा र लेखा परीक्षण</u>:** कोष सञ्चालक समितिको लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) कोषको लेखा नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिनेछ।

(ख) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(ग) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षको कार्यालयबाट हुनेछ।

३६. **<u>निर्देशन दिन सक्ने</u>:** मन्त्रालयले कोष सञ्चालक समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-६

## पोषण सम्बन्धी व्यवस्था

३७. **बाल आहार सम्बन्धी व्यवस्था**: ऐनको दफा ५२ को उपदफा (३) बमोजिमको बाल आहार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्यकर्मीले नवजात शिशुलाई बिगौती दुधको महत्व, पूर्ण स्तनपान, स्तनपान सम्बन्धी उपयुक्त आशन र सम्पर्क सम्बन्धी परामर्श दिनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा आमाको दूधलाई प्रतिस्थापन गर्ने बजारमा पाइने कुनै पनि दूध तथा खाद्य आहारको प्रचार सामग्री वा नमूना प्रदर्शन गर्न तथा सेवन गर्न सल्लाह, परामर्श दिन पाइने छैन।

(ग) स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थामा जन्मने नवजात शिशुलाई जन्मने बित्तिकै आमाको छातीमा टासेर न्यानो राख्न तथा एक घण्टाभित्र स्तनपान गर्न प्रेरित गर्नु पर्नेछ।

(घ) बच्चालाई छ महिनासम्म आमाको दूध मात्र खुवाउन सल्लाह दिनु पर्नेछ।

(ङ) स्वास्थ्य संस्था, खोप क्लिनिक तथा गाउँघर क्लिनिकबाट छ महिना पुरा भएका शिशुहरुलाई स्तनपानको साथै

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

पूरक खाना खान परामर्श दिनु पर्नेछ।

(च) बच्चालाई स्थानीय उत्पादित खाद्य पदार्थबाट पूरक खाना तयार गरी उमेर अनुसार पटक, मात्रा, बाक्लोपन तथा खानाको विविधिकरण सम्बन्धी जानकारी गराउनु पर्नेछ। पूरक खानालाई विविध पौष्टिक तत्वको सम्मिश्रण गर्न अन्न, गेडागुडी, तरकारी वा फलफूल, पशुजन्य खानाहरुलाई मिलाएर तयार गर्न परामर्श दिनु पर्नेछ।

(छ) बालआहार सम्बन्धी तथ्यहीन भ्रामक सूचना सामग्री तथा बिज्ञापन कुनै पनि माध्यमबाट प्रसारण गर्न पाइने छैन।

३८. <u>गुणस्तर कायम गर्नुपर्नेः</u> ऐनको दफा ५३ बमोजिम खाद्यपदार्थ, औषधिजन्य र पानी लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्रि वितरण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) खाद्यपदार्थ सम्बन्धी व्यवस्थाः

(१) खाद्य पदार्थको विवरण सजिलैसँग स्पष्ट देखिने गरी लेबुलमा खुलेको हुनु पर्छ र उपरोक्त खाद्य पदार्थ एक भन्दा बढी बैरन वा भाँडा भित्र राखिएको भएमा त्यस्तो भित्रि बैरन वा भाँडामा पनि लेबुल लगाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) खाद्य पदार्थ प्याक गर्न वा बिक्रीको लागि लेबुल लगाउने व्यवसायीको नाम तथा ठेगाना स्पष्ट लेबुलमा उल्लेख भएको हुनु पर्नेछ र व्यवसाय गर्न कुनै व्यवसायीको निर्देशन वा निजको तर्फबाट यसरी खाद्य पदार्थ प्याक वा लेबुल लगाउने काम भएको रहेछ भने त्यस्तो लेबुलमा सो व्यवसायीको पनि नाम तथा ठेगाना खुलेको हुनु पर्नेछ।

(३) एउटै मात्र खाद्य पदार्थबाट बनेको भए सो खाद्य पदार्थको वास्तविक नाम खोलिनु पर्ने र दुई वा दुई भन्दा बढी खाद्य पदार्थ मिली बनेको खाद्य पदार्थ भए त्यस्तो समिश्रण खाद्य पदार्थको प्रचलित नाम भए सो नाम र त्यसमा समावेश गरिएका छुट्टाछुट्टै खाद्य पदार्थको वास्तविक वा प्रचलित नाम तथा साधन पदार्थहरूको हकमा प्रयोग गरिएको वजन वा मात्राको क्रम अनुसार नाम र परिमाण खुलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

तर पानी साधकको रूपमा प्रयोग भएकोमा यो बमोजिम त्यसको परिमाण र नाप खुलाउनु पर्ने छैन।

(४) प्याक गरिएको खाद्य पदार्थको खुद तौल वा नापको परिमाण स्पष्ट रूपमा खुलेको हुनु पर्छ र सो बमोजिम खुलेको नाप वा परिमाण कुनै हालतमा पनि कम रहेको हुनु हुँदैन। प्याक गरिएको खाद्य पदार्थको भाँडा र त्यसको बैरनको तौल वा परिमाणको आधारमा बिक्री गर्न दिइएको खाद्य पदार्थ छ भने त्यसको सम्बन्धमा प्याक गरिएको भाँडा र बैरन सहितको न्यूनतम तौल वा परिमाण पनि स्पष्ट खुलेको हुनु पर्छ।

(५) प्याक गरिएको खाद्य पदार्थ रहेको भाँडाको लेबुलमा अनिवार्य रूपले व्याच नं., उत्पादन मिति र उपभोग गरी सक्नु पर्ने मिति राख्नु पर्नेछ।

(६) उपनियम (१) बमोजिम लेबुलमा रहने विवरण नेपाली भाषा वा अंग्रेजी भाषामा हुनु पर्नेछ। यसका

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अतिरिक्त अन्य कुनै भाषामा पनि विवरण खुलाउन चाहेमा खुलाउन सकिनेछ।

(ख) औषधि सम्बन्धी व्यवस्थाः

(१) औषधि उत्पादन गर्न दर्ता भएको उद्योगले कुनै पनि औषधि उत्पादन गर्नुअघि प्रचलित कानून बमोजिम अनुज्ञा पत्र लिनु पर्नेछ।

(२) अनुज्ञा पत्र प्राप्त गरेका उद्योगले उत्पादित औषधि बिक्री वितरण गर्न बिक्री वितरण प्रमाण पत्र लिनु पर्नेछ।

(३) उत्पादित औषधिमा स्पस्ट देखिने गरी लेबुल लगाउनु पर्नेछ। उक्त लेबुलमा कम्तीमा निम्न कुराहरु खुलेको हुनु पर्दछ :-

(क) औषधिको नाम र परिमाण,

(ख) उत्पादन अनुज्ञा पत्र नं.,

(ग) सक्रिय तत्व वा तत्वहरुको सूची (त्यसको परिमाण सहित),

(घ) व्याच नम्बर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

(ङ) औषधि उत्पादन गरेको मिति,

(च) म्याद नाघ्ने मिति (आवश्यक भएको औषधिमा)

(छ) सञ्चयको अवस्था र आवश्यक सावधानीको जानकारी,

(ज) प्रयोग गर्ने तरिका,

(झ) उत्पादनकर्ताको नाम र ठेगाना,

(ञ) औषधिको समूह, र

(ट) देवनागरी लिपिमा औषधिको नाम।

(ग) खानेपानी सम्बन्धी व्यवस्थाः बिक्री तथा वितरण गरिने खानेपानी राष्ट्रिय खानेपानी गुणस्तर सम्बन्धी मापदण्ड बमोजिम हुनेछ।

३९. **<u>सूक्ष्म पोषण सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा ५५ बमोजिम सूक्ष्म पोषण तत्वको प्रबर्धन गर्नका लागि मन्त्रालयले देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :-

(क) आइरन धेरै पाइने खाना खानको लागि प्रोत्साहित गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) गर्भवती भएको तीन महिना पुरा भएदेखि सुत्केरी भएको छ हप्तासम्म आइरन चक्की खुवाउने,

(ग) भिटामिन ए धेरै पाइने खानेकुराहरु (अण्डा, कलेजो, मेवा, आँप, गाजर, पहेंलो फर्सि, गाँढा हरियो सागपात) पर्याप्त मात्रामा उपभोग गर्न प्रोत्साहित गर्ने,

(घ) आयोडिन युक्त नुनको प्रयोग गर्न प्रोत्साहित गर्ने,

(ङ) मन्त्रालयले आइरन, भिटामिन ए लगाएतका सूक्ष्म पोषण तत्वहरु बजारमा बिक्री हुने गहुँको पिठो, चामल लगायतका खाद्यान्नमा सम्मिश्रण गर्न कार्यविधि बनाई निजी क्षेत्रलाई प्रोत्साहित गर्न सक्नेछ,

(च) बालबालिका, किशोरी, गर्भवती तथा स्तनपान गराउने महिला एवं ज्येष्ठ नागरिकहरुमा सूक्ष्म पोषण पदार्थ कमी हुन नदिन स्वास्थ्य संस्था तथा विद्यालय पोषण कार्यक्रम मार्फत प्रतिकारात्मक तथा प्रबर्द्धनात्मक कार्यहरु सञ्चालन गर्नेछ,

(छ) बालबालिका, किशोरी, गर्भवती तथा स्तनपान गराउने महिला एवं ज्येष्ठ नागरिकहरुमा पोषण सुधार गर्नका लागि स्थानीय रुपमा उत्पादित खाद्यान्नबाट बनाइने खानामा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

विविधिकरण गर्न प्रोत्साहित गर्नेछ।

## परिच्छेद-७

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था

४०. **आयुर्वेद औषधिजन्य जडीबुटीको गुणस्तर नियमन समितिः** (१) ऐनको दफा ५६ को उपदफा (३) बमोजिम आयुर्वेद औषधिजन्य जडीबुटीको गुणस्तर नियमन गर्न देहाय बमोजिमको समिति हुनेछः-

(क) निर्देशक, स्वास्थ्य निर्देशनालय -संयोजक

(ख) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) आयुर्वेद चिकित्सक, निर्देशनालय रहने जिल्लाको जिल्ला आयुर्वेद केन्द्र/औषधालय -सदस्य

(घ) फार्मेसी अधिकृत, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र -सदस्य

(ङ) प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा, स्वास्थ्य निर्देशनालय -सदस्य

(२) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) समितिका संयोजकले उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-८

## नसर्ने रोगको रोकथाम तथा विद्यालय नर्स सम्बन्धी व्यवस्था

४१. **नसर्ने रोगको रोकथाम र नियन्त्रण सम्बन्धी:** (१) ऐनको दफा ६३ को उपदफा (२) बमोजिम नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनको लागि नसर्ने रोगको समयमा नै पहिचान, निदान र उपचार गर्न तथा त्यसबाट हुने जटिलतालाई रोकथाम र न्यूनीकरण गर्नका लागि सामान्यतया तीस वर्ष वा सो भन्दा माथिका स्वस्थ देखिने व्यक्तिले कम्तीमा वर्षमा एकपटक अस्पताल वा आधारभूत स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गर्नु र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ।

**स्पष्टीकरण:** यस उपनियममा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामी व्यक्ति वा तीस वर्ष भन्दा मुनिका स्वस्थ्य व्यक्तिले स्वेच्छाले यस उपनियम बमोजिम स्वास्थ्य परीक्षण गराउन कुनै बाधा पर्ने छैन।

(२) उपनियम (१) बमोजिम नसर्ने रोगको समयमा नै पहिचान, निदान र उपचार गर्न तथा त्यसबाट हुने जटिलतालाई रोकथाम र न्यूनीकरण गर्नका लागि सबै नागरिकको पहुँच हुने गरी मन्त्रालयले अभियानकै रुपमा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) मन्त्रालयले स्थानीय तह तथा जिल्ला प्रशान कार्यालयसँगको सहकार्य र समन्वय मार्फत नसर्ने रोगको रोकथामका लागि पत्रु खानाको प्रयोग, घरायसी धुवाँ र प्रदूषण, सूर्तिजन्य पदार्थ र मदिरा सेवन नियन्त्रण र नियमन कार्यलाई सञ्चालन गर्न सक्नेछ।

(४) यस नियम बमोजिम नसर्ने रोग पहिचान, निदान, उपचार र रोकथाम सम्बन्धी जनचेतना अभिवृद्धि र स्वास्थ्य प्रबर्धनका उपाय बारे विद्यालय, सञ्चार माध्यम र बिभिन्न विधिबाट प्रचार प्रसार गरी रोगको जोखिम न्यूनीकरण गर्नु पर्नेछ।

(५) दैनिक स्वस्थ, ताजा र पोषिलो खाना खाने र कम्तीमा तीस मिनेट शारीरिक अभ्यास तथा योग गर्ने बानी व्यवहारलाई विद्यालय र समुदाय मार्फत प्रबर्धन गर्नु पर्नेछ।

(६) सुरक्षा निकाय र उद्योग तथा कल कारखानासँगको समन्वयमा दुर्घटना र चोटपटक रोकथाम, न्यूनीकरण र नियन्त्रणका उपायहरु अवलम्बन गर्न प्रोत्साहन गर्नु पर्नेछ।

४२. **<u>मानसिक स्वास्थ्य समस्या, उपचार र मनोसामाजिक परामर्शः</u>** (१) कुनै व्यक्तिलाई मानसिक स्वास्थ्य समस्या भएमा घरैमा बाधेर वा थुनेर लुकाएर राख्न वा वेवारिस अवस्थामा राख्न पाइने छैन।

(२) उपनियम (१) बमोजिमको समस्या भएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

व्यक्तिलाई समयमै उचित पहिचान, आवश्यक परामर्श र उपचारका लागि आधारभूत स्वास्थ्य संस्था वा अस्पतालमा लैजानु पर्छ।

(३) यस नियमावली बमोजिम स्वास्थ्य परीक्षण गराउने नागरिकलाई परीक्षण गराएकै आधारभूत स्वास्थ्य संस्था वा अस्पतालमा आवश्यक परामर्श र निशुल्क तोकिएका औषधि वितरण गर्ने व्यवस्था मन्त्रालयले मिलाउनेछ।

(४) उपनियम (१) बमोजिमको समस्या विशेषज्ञ सेवाद्वारा समाधान गर्नका लागि मन्त्रालयले आधुनिक सूचना प्रविधिको प्रयोग गरी आवश्यक सेवा सञ्चालन गर्न सक्नेछ।

(५) कडा किसिमको मानसिक रोग तथा लागू पदार्थको लत लागेका नागरिकको उचित उपचार र पुनर्स्थापनाका लागि सरकारी, निजी तथा गैरसरकारी क्षेत्रको साझेदारीमा मन्त्रालयले कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(६) आत्महत्या रोकथाम तथा न्यूनिकरणका लागि मन्त्रालयले सरोकारवालासँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ।

४३. **विद्यालय नर्सको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** ऐनको दफा ६५ को उपदफा (२) बमोजिम विद्यालय नर्सको काम, कर्तव्य र अधिकार देहाय अनुसार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुनेछः-

(क) किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य समस्या पत्ता लगाउने र आवश्यक सेवा र परामर्श प्रदान गर्ने,

(ख) बालबालिका, शिक्षक र कर्मचारीको स्वास्थ्य समस्या पत्ता लगाउने र आवश्यक सेवा र परामर्श प्रदान गर्ने,

(ग) बालबालिकाको कुपोषणको स्थिति, छाला, आँखा, मानसिक स्वास्थ्य अवस्था, विकास सम्बन्धी ढिलाई, व्यवहारजन्य समस्या, मुख स्वास्थ्य र कान सम्बन्धी समस्याको प्रारम्भिक जाँच गर्ने, प्राथमिक उपचार व्यवस्थापन गर्ने, आवश्यक सल्लाह, सुझाव दिने र प्रेषण गर्ने,

(घ) बालबालिकाले सबै खोप लगाए नलगाएको यकिन गर्ने,

(ङ) बालबालिकालाई भिटामिन ए र जुकाको औषधि राष्ट्रिय कार्यक्रम बमोजिम ख्वाउन प्रेरित गर्ने,

(च) बालबालिकालाई व्यक्तिगत सरसफाइ, साबुन पानीले हात र मुख धुनुको महत्व बुझाउने,

(छ) बालबालिका, शिक्षक र कर्मचारीलाई

आन्तरिक महिला तथा कानून सन्दर्भ बागमती प्रदेश

आकस्मिक र प्राथमिक उपचार सेवा प्रदान गर्ने,

(ज) बालबालिकालाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,

(झ) बालबालिका, शिक्षक, कर्मचारी र अविभावकलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने,

(ञ) सूर्तिजन्य पदार्थ रहित र स्वस्थ पाठशाला निर्माण गर्न सहयोग गर्ने,

(ट) सरुवा रोग संक्रमण र यसबाट बच्ने उपाय तथा नसर्ने रोग रोकथाम र नियन्त्रणका उपाय बारे जानकारी गराउने,

(ठ) अभिभावक, स्थानीय स्वास्थ्य संस्था, पालिका र विद्यालय बीच समन्वय कायम गर्ने,

(ड) सरकारी स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवा लिनको लागि बालबालिका, शिक्षक, कर्मचारी र अभिभावकलाई प्रेरित गर्ने,

(ढ) स्थानीय तहमा सरकारी स्वास्थ्य सेवा र अभियान सञ्चालनमा स्वास्थ्य संस्थालाई आवश्यक सहयोग गर्ने,

(ण) विद्यालयमा स्वस्थ खाजा प्रबर्धन र पत्रु खाना (Junk Food) निरुत्साहित गर्न आवश्यक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कार्य गर्ने,

(त) विद्यालय स्वास्थ्य नीति निर्माण गर्न अग्रसर हुने र सहयोग गर्ने,

(थ) महिनावारी स्वास्थ्य व्यवस्थापन र स्वस्थ जीवनशैली सम्बन्धी कार्य गर्ने,

(द) विद्यालय स्वास्थ्य सेवा र शिक्षा सम्बन्धी आफूले गरेको कामको अभिलेख राख्ने र प्रतिवेदन गर्ने,

(ध) विद्यालयमा बालबालिकालाई आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग अनुसूची-१० वमोजिम पूर्व सुसूचित मञ्जुरीनामा लिने।

(न) बालबालिका, शिक्षक र कर्मचारीलाई थप उपचार आवश्यक भएमा अनिवार्य रुपमा अनुसूची-११ वमोजिमको प्रेषण पुर्जा भरेर सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने।

(प) विद्यालय स्वास्थ्य सेवा र शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि योजना तर्जुमा, समन्वय, सञ्चालन, अभिलेख, प्रतिवेदन लगायतका व्यवस्थापकीय तथा अन्य कार्यहरु समेत विद्यालय नर्सले गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-९
## विविध

४४. **संक्रामक रोगको सूचना सम्बन्धमा**: ऐनको दफा ७७ को उपदफा (२) बमोजिम महामारी हुनसक्ने अनुसूची-१२ बमोजिमको संक्रामक रोगबाट कुनै व्यक्ति वा समूह प्रभावित भएमा सो को जानकारी स्वास्थ्य संस्था, स्थानीय तह वा मन्त्रालयलाई दिनु सबैको कर्तव्य हुनेछ।

४५. **स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार**: ऐनको दफा ७८ को उपदफा (३) बमोजिम कुनै पनि स्वास्थ्य संस्थाले मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने, सामाजिक सदभाव बिथोल्ने, अतिरञ्जित वा भ्रामक प्रकृतिका, तथ्यहीन स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सामग्री निर्माण गरी त्यस्तो सन्देश वा सूचना वा सामग्री वा विज्ञापन कुनै पनि सञ्चारमाध्यम वा अन्य कुनै तरिकाबाट सम्प्रेषण गर्न पाउनेछैन।

४६. **रक्तसञ्चार सम्बन्धी सेवा अनुमति र नवीकरण**: रक्त सञ्चार सम्बन्धी सेवाको अनुमति र नवीकरण प्रचलित कानून बमोजिम हुनेछ।

४७. **अभिलेख र प्रतिवेदन राख्नु तथा पेश गर्नु पर्ने**: स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको स्वास्थ्य सेवा तथा सेवाग्राहीको अभिलेख र प्रतिवेदन व्यवस्थित गर्न नेपाल सरकारको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली बमोजिम गर्नु पर्नेछ।

४८. **जन्म र मृत्युको प्रमाणपत्र**: (१) स्वास्थ्य संस्थाले आफ्नो

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

स्वास्थ्य संस्थामा जन्मेको नवजात शिशुको बाबु वा आमा को नाम, जन्मेको मिति र समय उल्लेख गरी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र अनुसूची-१३ मा तोकिएको ढाँचामा दिनु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा मृत्यु भएका व्यक्तिको मृत्यु प्रमाणपत्र अनुसूची-१४ मा तोकिएको ढाँचामा दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची -१

(नियम ३ र नियम ४ को उपनियम (१) संग सम्वन्धित)

**प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक स्वास्थ्य सेवा/ आधारभूत/आकस्मिक स्वास्थ्य सेवाहरु**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## क. खोप सेवा

| | |
|---|---|
| खोप सेवाहरु | बालबालिका:बि.सि.जि (BCG); पोलियोखोप (Injectable& Oral); निमोकोकल (Pneumococcal); डि.पि.टी., हिब, हेपाटाइटीस बी. ((DPT, Hib, Hepatitis B); दादुरा-रुबेला (Measles-Rubella), जापनिज इन्सेफलाइटिस (Japanese encephalitis), |
| | गर्भवती महिला तथा प्रजनन उमेरका महिला: धनुष्टङ्कार तथा भ्यागुते रोग विरुद्ध खोप(Tetanus and diphtheria/Td vaccine) |

## ख. नवजात शिशु तथा बालरोग व्यवस्थापन

| | |
|---|---|
| नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा | २ महिनासम्मको शिशुको स्याहार तथा उपचार: तपसिल बमोजिमका अवस्था भएका नवजात शिशुहरूको स्तरीय उपचार प्रोटोकल अनुसार आधारभूत सेवाहरू प्रदान गर्नु पर्नेछ। नवजात संक्रमण (neonatal |

| | |
|---|---|
| | sepsis), निस्साएका नवजात शिशु (Birth asphyxia), शीतांग (hypothermia), कमलपित्त (jaundice), कम जन्मतौल (Low birth weight), समय नपुगी जन्मेका (Premature birth), स्तनपान तथा खुआउने सम्बन्धी समस्या(Feeding Problems), नाभी सम्बन्धी समस्या, रगतमा ग्लुकोजको कमी, जन्मजात बिकलाङ्गता (Birth defect) |
| | २ महिना देखि ५वर्षसम्मका बालबालिकाको स्याहार तथा उपचार: तपसिल बमोजिमका अवस्थामा स्तरीय उपचार प्रोटोकल अनुसार आधारभूत सेवाहरू प्रदान गर्नु पर्नेछ ।<br>शीघ्र श्वासप्रश्वास संक्रमण र निमोनिया (ARI, pneumonia), औलो, झाडापखाला, दादुरा, कुपोषण, कानको संक्रमण। |

## ख (१). पोषण सेवाहरु

| | |
|---|---|
| पोषण (Nutrition) सम्बन्धी सेवाहरु | पोषण परामर्श तथा कुपोषणको व्यवस्थापन:<br>पोषण परामर्श: गर्भवती महिलालाई पोषण परामर्श, आमाहरुलाई स्तनपान लगायत बालबालिकाका निम्ति लागि पोषण परामर्श |
| | आहार विविधीकरण (Dietary diversification)परामर्श सेवा र प्रदर्शन |
| | सामान्य शीघ्र कुपोषणको स्तरीय उपचार |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | प्रोटोकल अनुसार निदान र व्यवस्थापन |
| | जटिल शीघ्र कुपोषणको स्तरीय उपचार प्रोटोकल अनुसार निदान र प्रेषण सेवा |
| | **<u>सूक्ष्म पोषण पूरकता (Micronutrient supplementation):</u>**<br>• पाँच वर्षमुनिका बालबालिकाको लागिः भिटामिन ए क्याप्सुल<br>• गर्भवती महिलाका लागिः आइरन चक्की Folic acid<br>• सुत्केरी महिलाका लागिः आइरन चक्की |
| | <u>१२–५९ महिना तथा स्कूल जाने बालबालिकाको लागि (बिद्यालय मार्फत)</u>: जुकाको औषधि<br><u>गर्भवती महिलाका लागिः</u> जुकाको औषधि |
| | <u>२ वर्ष मुनि बालबालिकाका लागिः</u> बृद्धि अनुगमन तथा परामर्श |
| | बी.एम.आई.(Body Mass Index) जाँच तथा परामर्श |

ख (२). **<u>गर्भवती, प्रसूति तथा सुत्केरी सेवा</u>**

| | |
|---|---|
| गर्भवती जाँच सेवा (Antenatal service) | • सामान्य गर्भावस्थाको पहिचान, परामर्श, स्तरीय उपचार प्रोटोकल अनुसार व्यवस्थापन र प्रेषण |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | • उच्च जोखिम गर्भावस्थाको पहिचान, परामर्श, स्तरीय उपचार प्रोटोकल अनुसार व्यवस्थापन र प्रेषण |
| प्रसव तथा सुत्केरी सेवा (Delivery service) | • सामान्य सुत्केरी सेवा परामर्श, जटील सुत्केरीको पहिचान, व्यवस्थापन र प्रेषण सेवा (Birthing Center बाट)<br>• सुत्केरी पश्चात स्तरीय उपचार प्रोटोकल अनुसार व्यवस्थापन, परिवार नियोजन सेवा तथा परामर्श<br>• स्तरीय उपचार प्रोटोकल अनुसार तत्काल तथा अत्यावश्यक नव शिशु स्याहार (Immidiate and Essential New Born Care) |

**ख (३). <u>परिवार नियोजन, गर्भपतन सेवा प्रजनन स्वास्थ्य समस्या तथा महिला क्यान्सरहरु सम्बन्धी सेवाहरु</u>**

| | |
|---|---|
| परिवार नियोजन (Family planning) | परिवार नियोजन परामर्श तथा सेवाः पुरुष कण्डम, गर्भ निरोधक चक्की (OCP), गर्भ निरोधक सुइ, |
| गर्भपतन सेवा (Abortion-related services) | • सुचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा , परामर्श तथा प्रेषण<br>• गर्भपतन पश्चात (Post-abortion) सेवा तथा आवश्यक परामर्श र परिवार |

अन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | नियोजन सेवा समेत |
| प्रजनन स्वास्थ्य समस्याहरु (Reproductive health morbidity) | आङ खस्ने समस्या (Utero-Vaginal prolapse): शीघ्र पहिचान (Early screening) तथा परामर्श |
| | प्रजनन फिस्टुला (Obstetric fistula): शीघ्र पहिचान (Early screening) तथा परामर्श तथा प्रेषण |
| महिलामा हुने क्यान्सरहरु (Cancer) | पाठेघरको मुखको क्यान्सर: सामान्य जाँच, परामर्श तथा प्रेषण |
| | स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण |
| किशोरावस्था मैत्री सेवा | किशोर किशोरी मैत्री सूचना तथा परामर्श सेवा, स्वास्थ्य सेवा |

**ग. सरुवा रोगहरु सम्बन्धी सेवाहरु**

| | |
|---|---|
| एच. आई. भी/ एड्स(HIV/AIDS) | परामर्श |
| | अवसरवादी संक्रमण (Opportunistic infection)को व्यवस्थापन (क्षयरोग मात्र) |
| क्षयरोग (Tuberculosis) | निदान तथाउपचार सेवा (पहिलो लाइनको औषधि) |
| औलो (Malaria) | निदान तथा उपचार [प्रभावित क्षेत्र |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | (Endemic)मा मात्र] |
| जनावर टोकाइ (Animal bite) | जोखिम लेखाजोखा, लाक्षणिक उपचार, प्रेषण परामर्श |
| कुष्ठरोग (Leprosy) | निदान, उपचार तथा प्रेषण सेवा |
| कालाजार (Kala-azar) | परामर्श तथा प्रेषण |
| डेंगु (Dengue) | परामर्श तथा प्रेषण |
| फाइलारियसिस (Filariasis) | परामर्श तथा प्रेषण |
| पाचन प्रणाली सम्बन्धी संक्रमण Gastrointestinal infections) | सामान्य झाडापखाला (Acute diarrhea): जल-बियोजन (Dehydration) को लेखाजोखा र उपचार |
| | आँउ (dysentery): प्रारम्भिक निदान (provisional diagnosis), लाक्षणिक उपचार तथा प्रेषण |
| | म्यादे ज्वरो: प्रारम्भिक निदान (provisional diagnosis), उपचार तथा प्रेषण |
| | जुका तथा पाचन प्रणालीका अन्य परजीवी संक्रमण : प्रारम्भिक निदान,लाक्षणिक उपचार |
| श्वासप्रश्वास प्रणाली सम्बन्धी संक्रमण Respiratory tract infections) | मौसमी इन्फ्लुएन्जा (Seasonal influenza): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | श्वासप्रश्वास नलि संक्रमण (Sinusitis, Pharyngitis, tonsillitis, bronchitis, pneumonia): प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| खटिराजन्य (Eruptive)रोग | दादुरा (Measles): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | ठेउला (Chickenpox): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | रुबेला (Rubella): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| हाँडे(Mumps) | प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| छाला (Skin)तथा नरम तन्तु (Soft tissue)संक्रमण | लुतो (Scabies): निदान र उपचार |
| | जुम्रा (Pediculosis): निदान रउपचार |
| | छालाको संक्रमण (Cellulitis), पिलो (Abscess), फोडा (boil, furunculosis): निदान र उपचार तथा प्रेषण |
| | दाद (Ringworm)तथा अन्य ब्याक्टेरिया(Bacterial) तथा ढुसी जन्य (Fungal)छाला रोगहरु: निदान र उपचार तथा प्रेषण |
| आँखा सम्बन्धी संक्रमण(Eye infections) | आँखामा संक्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण<br>नवजातमा आँखा पाक्ने समस्या (Opthalmia Neonatorum): प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| नाक र कानको संक्रमण(Nose and ear infections) | कानमा संक्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण<br>नाकमा संक्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | |
|---|---|
| मुख सम्बन्धी संक्रमण(Oral infections) | मुख भित्रको संक्रमण: प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | मुखको घाउः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| यौन तथा मुत्रप्रणाली सम्बन्धी संक्रमण (Genito-urinary infections) | प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | पिसाव नलीबाट पीप आउने समस्या (Urethral discharge syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | योनीबाट प्रदर आउने समस्या (Vaginal discharge syndrome): प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | योनी/लिङ्गमा घाउ आउने समस्या (Genital Ulcer syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | तल्लो पेट दुखाइको (Lower abdominal pain syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | अन्डकोषको थैली सुन्निने समस्या (scrotal swelling syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | काँछको लिम्फग्रन्थी सुन्निने समस्या(Inguinal Bubo syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | मुत्र प्रणालीको संक्रमण (Urinary Tract Infection): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

घ. **नसर्ने रोगहरु तथा भिन्न शारीरिक क्षमता सम्बन्धी सेवाहरु**

| | |
|---|---|
| उच्च रक्तचाप (Hypertension) | • प्रारम्भिक जाँच तथा जोखिम पहिचान, परामर्श सेवा र प्रेषण<br>• जीवनशैली परिवर्तन परामर्श<br>• उपचार निरन्तरता |
| मधुमेह (Diabetes mellitus) | • प्रारम्भिक जाँच तथा जोखिम पहिचान, परामर्श सेवा र प्रेषण<br>• जीवनशैली परिवर्तन परामर्श<br>• उपचार निरन्तरता |
| दीर्घकालीन अवरोधात्मक फोक्सोको रोग तथा दमको रोग [Chronic Obstructive Pulmonary Disease (COPD) and Asthma] | • प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण<br>• लाक्षणिक तथा आकस्मिक व्यवस्थापन<br>• जीवनशैली परिवर्तन परामर्श |
| हाडजोर्नी तथा मांसपेशीको दुखाई (Musculoskeletal pain) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| अम्लपित्त (Acid peptic disease) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| आँखा सम्बन्धी अन्य समस्या(Eye problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| कान सम्बन्धी समस्या (Ear problems) | प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| मुख सम्बन्धी स्वास्थ्य समस्या (Oral health problems) | प्रारम्भिक निदान ,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| भिन्न शारीरिक क्षमता(Disability) | प्रारम्भिक निदान, परामर्श तथा प्रेषण |

**ङ. <u>मानसिक रोगहरु सम्बन्धी सेवाहरु</u>**

| | |
|---|---|
| मानसिक स्वास्थ्य समस्या (Common mental health problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| मदिरा तथा लागू पदार्थ दुर्व्यसन (Alcohol and substance abuse) | <u>लागू पदार्थ दुर्व्यसन:</u> प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | मदिरापानको लत (Alcoholism/dependancy)को जाँच र प्रारम्भिक व्यवस्थापन, प्रेरणादायी अन्तरक्रिया (Motivational interviewing), प्रेषण र परामर्श |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## च. जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवाहरु

| | |
|---|---|
| जेष्ठ नागरिकको स्वास्थ्य समस्या (Geriatric health problem) | • प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण<br>• स्वास्थ्य प्रवर्धन सेवा |

## छ. आकस्मिक अवस्थाहरुका निम्ति सेवाहरु

| | |
|---|---|
| सिघ्र दुखाई (acute pain) | घाउचोटको मलमपट्टि र आवश्यकता अनुसार प्रेषण परामर्श |
| | काटेको ठाउँमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण परामर्श |
| | पिलो र फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण परामर्श |
| प्रायः देखिने आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions) | आघात (shock) व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार उपचार र प्रेषण |
| | कन्भल्जन ( Convulsion): व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | दुर्घटनाबाट गम्भीर घाइते बिरामीः स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण सेवा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| | हाड भाँचिएको (fracture) वा जोर्नी खुस्केको (joint subluxation, dislocation) : स्थिर बनाउने, निदान, दुखाइको व्यवस्थापन र प्रेषण परामर्श |
| | पोलाई (Burn and scald) : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | विषादी सेवन: पेट सफा गर्ने (Gastric lavage)लगायतका प्रारम्भिक व्यस्थापन, उपलब्ध प्रति-बिषादी (antidote) को प्रयोग तथा आवश्यक्ता अनुसार प्रेषण सेवा |
| | पानीमा डुबेको (Drowning) : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण सेवा |
| आखाँ ,नाक, कान, घाँटीसँग सम्बन्धीत आकस्मिक अवस्था (Eye and ENT-related common emergencies) | घाँटीमा वाह्य पदार्थ (foreign body): प्राथमिक उपचार र प्रेषण परामर्श |
| | आँखामा वाह्यपदार्थ (Foreign body) : प्राथमिक उपचार र प्रेषण परामर्श |
| | कानभित्र वाह्यपदार्थ (Foreign body): प्राथमिक उपचार र प्रेषण परामर्श |
| | नाकबाट रगत आउने समस्या (Epistaxis): प्राथमिक उपचार र प्रेषण परामर्श |
| बिषालु सर्पदंस *(snake bite) | प्राथमिक उपचार र प्रेषण परामर्श |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

**ज. स्वास्थ्य प्रवर्धन सेवा**

| | |
|---|---|
| स्वास्थ्य प्रवर्धन सेवा (Health promotion services) | सूचना तथा सञ्चार सामग्री/ व्यवहार परिवर्तन सञ्चार तथा परामर्श सेवा |

**झ. आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरु***

| | |
|---|---|
| आयुर्वेद | पूर्व पन्चकर्म सेवा |
| | योग सेवा |
| | सतावरी- सुत्केरी आमाको लागि |
| होमियोपेथिक | मुसा (थुजा) को निदान र उपचार |
| | छालाको एलर्जीको निदान र उपचार |
| | टन्सिलको निदान र उपचार |
| | अम्लपित्तको निदान र उपचार |
| | दुबीको निदान र उपचार |
| | हाडजोर्नीको समस्या (arthritis) |

*उल्लेखित सेवाहरु उपलब्ध भएका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुनेछ

**ञ.**

| | |
|---|---|
| प्रशामक सेवाः | प्रेषण र परामर्श सेवा |

**ट.**

| | |
|---|---|
| पुनर्स्थापनात्मक सेवा | प्रेषण र परामर्श सेवा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(नियम ५ को उपनियम (१) संग सम्वन्धित)

**मन्त्रालयबाट दर्ता, सञ्चालन, नविकरण र नियमन हुने स्वास्थ्य संस्थाहरु**

१. २०० शैया सम्मका अस्पतालहरु (एलोपेथिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा)
२. विशिष्ठिकृत अस्पताल (संघीय स्वास्थ्य हेर्ने मन्त्रालयको सहमतिमा)
३. बी, सी र डी बर्गको प्रयोगशाला
४. प्रदेश रक्तसञ्चार केन्द्र,
५. इमेजिंग सेन्टर (CT Scan, MRI, एक्स रे सेवा),
६. मेडिकल सेन्टर

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसुची-३

(नियम ६ र नियम ७ को उपनियम (१) संग सम्वन्धित)

**शुल्क सम्बन्धी व्यवस्था**

| क्र. सं. | संस्थाको किसिम | शुल्क निर्धारण इकाई | आसय पत्रका लागि दस्तुर रु. | सेवा सञ्चालन ईजाजत पत्र दस्तुर रु. | नविकरण का लागि दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | प्राथमिक अस्पताल | प्रति शैया | ५००।- | १,५००।- | ५००।- |
| २. | द्धितीय अस्पताल | प्रति शैया | ६२५।- | २,०००।- | ७५०।- |
| ३. | तृतीय अस्पताल | प्रति शैया | ७५०।- | ३,०००।- | १,०००।- |
| ४. | प्रतिष्ठान तथा शिक्षण संस्थाहरु | प्रति शैया | १,०००।- | ४,०००।- | १,५००।- |
| ५. | क्लिनिकल प्रयोगशालाहरु | ई वर्गको | - | १०,०००।- | ३,०००।- |
| | | डि वर्गको | - | १३,०००।- | ५,०००।- |
| | | सि वर्गको | - | १५,०००।- | ७,०००।- |
| | | बि वर्गको | ५००।- | २०,०००।- | ९,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | ए वर्गको | १,००० ।- | ३०,०००।- | ११,००० ।- |
| ६. | पोलिक्लिनिक/ क्लिनिक सेवा/ मेडिकल सेन्टर | प्रति सेवा | ५००।- | १०,०००।- | १,०००।- |
| ७. | फार्मेसी | | औषधि दर्ता नियमावली अनुसार | | |
| ८. | लेन्सयूक्त चश्मा पसल | | - | ५,०००।- | १,०००।- |
| ९. | आयुर्वेद अस्पताल वा वैकल्पिक चिकित्सा | प्रति सैया | ५००।- | ३,०००।- | ५००।- |
| १०. | आयुर्वेद / वैकल्पिक क्लिनिक सेवा | प्रति सेवा | ५००।- | ३,०००।- | ५००।- |
| ११. | रक्त सञ्चार केन्द्र | कुनै शुल्क नलाग्ने | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-४

(नियम १२ संग सम्वन्धित)

प्रदेश सरकार

सामाजिक बिकास मन्त्रालय

बागमती प्रदेश

**स्वास्थ्य संस्था/अस्पताल सञ्चालन अनुमति प्रमाणपत्र**

श्री.........................

दर्ता नं.:

..............................।

स्वास्थ्य संस्था/अस्पताल सञ्चालन गर्नको लागि त्यस स्वास्थ्य संस्था/अस्पतालबाट यस मन्त्रालयमा मिति ..................... मा दिइएको निवेदन उपर आवश्यक जाँचबुझ गरी प्रदेश स्वास्थ्य सेवा ऐनको दफा ११ को उपदफा (३) र प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को नियम १२ बमोजिम मिति..................... सम्मको लागि स्वास्थ्य संस्था/अस्पताल सञ्चालन गर्नको लागि यो अनुमति प्रमाणपत्र प्रदान गरिएको छ।

प्रमाणपत्र दिने अधिकारीको,-

नामः

दस्तखतः

मितिः

दर्जाः

**नवीकरण प्रयोजनको लागि**

| नविकरण मिति | नविकरण गर्ने अधिकारीको नाम | पद | सही | कार्यालयको छाप |
|---|---|---|---|---|

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-५

(नियम १६ संग सम्वन्धित)

**स्वमूल्याङ्कन फाराम**

स्वमूल्याङ्कन मितिः २०...।...।...

सामान्य जानकारीः

| |
|---|
| स्वास्थ्य संस्थाको नामः |
| ठेगानाः |
| सर्म्पर्क नं.: |
| फ्याक्स नं.: |
| Email Id: |
| स्वाथ्य संस्था प्रमुखको नामः |
| ठेगानाः |
| सर्म्पर्क नं.: |
| मोबाइल नम्बरः |
| Email Id: |

| |
|---|
| प्रावधानहरु |
| सञ्चालन स्वीकृतिः |
| स्वीकृति दिने निकायः |
| स्वीकृति पाएको सेवा/बेड संख्या : |
| नवीकरण गर्नुपर्ने मितिः |
| IEE/EIA (स्वीकृत -गर्नुपर्ने संस्था भएमा ): |
| भवन संहिता अनुसार सम्वन्धित भवन डिभिजन कार्यालयको सिफारिस-आवश्यक पर्ने संस्थाका लागि ) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| |
|---|
| गत आ.व. -............................) को करचुक्ता |
| मासिक रुपमा स्वास्थ्य कार्यालयमा प्रतिवेदन गर्ने गरेको - छ /छैन । |

## १. <u>भौतिक पूर्वाधारको अवस्था</u>

| सि.नं. | मापदण्डहरु | छ/छैन | कैफियत |
|---|---|---|---|
| १. | आफ्नै स्वामित्वको जग्गा तथा भवनमा सञ्चालित -जग्गाको क्षेत्रफल ......... ) | | |
| | यदि भाडामा लिई सञ्चालनमा भएको भए सम्झौता गरेको | | |
| २. | क) स्वास्थ्य संस्था निर्माण स्वीकृति लिंदा स्वास्थ्य सेवा सञ्चालनका लागि भनी स्पष्ट ब्यहोरा खुलाएको | | |
| | ख) स्वास्थ्य संस्थाको कुल निर्माण क्षेत्रफल..................... | | 55 Sqm/per bed* |
| ३. | स्वास्थ्य संस्था रहेको स्थानबाट एक किलोमीटर भित्र त्यस्तै प्रकृतिको सेवा दिने अस्पताल रहेको | | |
| ४. | सवारी साधन पार्किङ्गको व्यवस्था छ/छैन- छुटयाईएको क्षेत्रफल .......... क्षमता अन्दाजी .... वटा कार | | २५ % जग्गा वा तीन शैया बराबर १ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | | | कार पार्किङ |
| ५. | स्वास्थ्य संस्थाको भवनमा एक तला भन्दा वढी तला भएको भवन वा अस्पताल सेवा प्रदान गर्नुपर्दा Ramp/Lift को व्यवस्था | | |
| ६. | स्वास्थ्य संस्थाको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकूलित यन्त्र राखिएको | | |
| ७. | प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था | | |
| ८. | सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको | | |
| ९. | भवनको सामान्यतः कोठाको उचाई कम्तीमा तर्राईका लागि ३.६ मिटर (१२ फिट) र अन्य क्षेत्रका लागि ३ मिटर (१० फिट) द | | |
| १०. | स्वास्थ्य संस्थाको गुरुयोजना (Master Plan) तयार गरेको | | |
| ११. | स्वास्थ्य संस्थाको प्रत्येक | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | विशेषज्ञ सेवाको लागि छुट्टाछुट्टै शाखा /युनिट | | |
| १२. | प्रशासनिक कार्यालयमा बैठक कोठा र पुस्तकालय व्यवस्था | | |
| १३. | आकस्मिक अवस्थामा बर्हिगमनद्वारको आवश्यक व्यवस्था भएको | | |
| १४. | आगलागि भएको बेलामा बारुणयन्त्रको लागि अस्पताल हाताभित्र पर्याप्त स्थानमा पानी भर्ने व्यवस्था मिलाएको | | |
| १५. | प्राकृतिक प्रकोपको अवस्थामा, बारुणयन्त्र सहज रुपमा आवागमन हुन सक्ने र आकस्मिक संकेतका लागि साँइरनको व्यवस्था | | |
| १६. | पर्याप्त संख्यामा अग्नि समनयन्त्र (Fire Extinguisher) जडान भएको हुनुपर्ने | | |

२. <u>स्वास्थ्य संस्था व्यवस्थापन तथा सुशासन</u>

| सि.नं | मापदण्डहरु | छ/छैन | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थ्य संस्था प्रवेश गर्नासाथ स्वास्थ्य संस्थाको ले-आउट देखिने नक्साद्वारा कुन सेवा कुन ठाउँमा | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | प्राप्त गर्न सकिन्छ भनी स्पष्ट देखाएको | | |
| २. | स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको | | |
| ३. | ५० शैया माथिको लागि सामाजिक सेवा इकाईको अनिवार्य व्यवस्था गरेको | | |
| ४. | बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको नागरिक वडापत्र ( **citizen charter** ) सबैले देख्ने गरी राखेको | | |
| ५. | सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको | | |
| ६. | गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो/उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्ने, साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउने | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ७. | संक्रमण नियन्त्रण (Infection Prevention)को व्यवस्था, सो को नियमित र प्रभावकारी अनुगमन गरेको | | |
| ८. | सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग बिरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको | | |
| ९. | कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको | | |
| १०. | नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल /मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको | | |
| ११. | स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका **(Standard Operating Manual)** तयार गरी लागू गरेको | | |
| १२. | बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | छरितो सेवा दिने व्यवस्था गरेको | | |
| १३. | स्वास्थ्य संस्थामा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराएको | | |
| १४. | नं. १३ बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी स्वास्थ्य कार्यालयमा सो को प्रतिवेदन नियमित रुपमा पठाउने गरेको | | |
| १५. | ५० शैया वा सो भन्दा बढी क्षमताका अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमको सुविधाको व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्याउनु पर्ने | | |
| १६. | स्वास्थ्य संस्थाले सूचना अधिकारी तोकेको | | |
| १७. | स्वास्थ्य संस्थाले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको र सो कार्यका लागि सम्पर्क व्यक्ति | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | तोकि सो को जानकारी जिल्ला जन/स्वास्थ्य कार्यालयमा दिएको | | |
| १८. | स्वास्थ्य संस्था भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल **(Intercom)** वा आधुनिक संयन्त्रको व्यवस्था | | |
| १९. | सार्वजनिक सञ्चार सेवाको व्यवस्था | | |
| २०. | प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखेको | | |
| २१. | स्वास्थ्य संस्थामा बिरामी र अन्य ब्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी आपूर्ति हुने व्यवस्था | | |
| २२. | स्वास्थ्य संस्थाद्वारा वितरण हुने पानीको गुणस्तर परीक्षण ४/४ महिनामा गर्राई अभिलेख राखेको | | |
| २३. | स्वास्थ्य संस्था क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको | | |
| २४. | ओ.टी., आई.सि.यू., सि.सि.यू., ईमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत व्याक-अप सिष्टम राखेको | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| २५. | स्वास्थ्य संस्था परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको | | |
| २६. | स्वास्थ्य संस्था हाताभित्र सेवाग्राही तथा सेवाप्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको सफा शौचालय सबै कक्षहरु वा क्लिनिकमा व्यवस्था भएको | | |
| २७. | अपाङ्गमैत्री शौचालयको व्यवस्था (प्रत्येक तलामा) | | प्रति ६ शैया बराबर १ |
| २८. | स्वास्थ्य संस्थाको एम्बुलेन्स चालू हालतमा भएको | | |
| २९. | स्वास्थ्य संस्थामा मेडिकल एटेण्डेण्ट सहितको १ बटा एम्बुलेन्स भएको | | |
| ३०. | स्वास्थ्य संस्था हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dining) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था | | |
| | क. स्वास्थ्य संस्थाको भवनमा चटयाङ्ग छल्ने (Anti-Lightening) प्रविधिको जडान, वैकल्पिक भर्‍याङको व्यवस्था, आगो | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | निभाउने संयन्त्र, अटोफायर अलार्म, स्मोक डिटेक्टर जडान गरिएको | | |
| | ख. बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था गरेको | | |
| | ग. स्वास्थ्य संस्थाको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध गरेको | | |
| | घ. उपकरण तथा औजारहरू समयमा नै मर्मत गर्ने गरेको र ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको | | |
| | ङ. अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको | | |
| | च. स्वास्थ्य संस्थामा भर्ना भएका | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | विरामीको लुगा धुने सुविधाको व्यवस्था | | |
| | छ. आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डार कक्ष हुनुपर्ने। यस्तो भण्डारमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था गरेको | | |
| | ज. स्वास्थ्य संस्थाको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको (Refrigerator, Ventilation, A/C आदि) व्यवस्था गरेको | | |
| | झ. भवनमा र्सवसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको | | |
